बिआरआइ सम्झौतामा ऋण लिने भनेर कतै... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक १९२ • २०८१ साल मंसिर २३ गते आइतबार (8 December, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सीताराम विवाह पञ्चमी महोत्सव सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम। सप्ताहव्यापी सीताराम विवाह पञ्चमी महोत्सव अन्तर्गत अन्तिम दिन रामकलेवा विधिसँगै जन्तीलाई विदाइ गरी सीताराम विवाह महोत्सव सम्पन्न भएको छ।

सो क्रममा भारतको अयोध्याबाट आएका जन्तीलाई जानकी मन्दिरमा ५६ व्यञ्जनका परिकारसहितको भोजन गराइएको थियो।

जानकी मन्दिर परिसरमा आयोजित रामकलेवा विधिमा उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले जन्तीमा आएका साधुसन्तहरुलाई विशेष भोजन गराउनुका साथै दान-दक्षिणा प्रदान गरेका थिए। अयोध्याबाट पाँच सयको संख्यामा आएका जन्तीलाई मिथिला परम्परा अनुसार खीर, मिठाईसहितका परिकार पनि ग्रहण गराएको थियो।

सो क्रममा मिथिलानी तथा जनकपुरधामका साधुसन्तहरु जन्तीबीच ख्यालठट्टा र मजाक पनि भएको थियो। हास्यपरिहासको माहोलले जानकी मन्दिरको वातावरणलाई रोमाञ्चक बनाएको थियो।

जन्तीलाई भोजन खुवाएर कम्बल, माला जप्ने सानो ब्याग र एक सय रुपैयाँका दरले दक्षिणा दिएर विदाइ गरिएको जानकी मन्दिरका उत्तराधिकारी महन्त दासले बताए।

त्रेता युगमा मंसिर शुक्ल पञ्चमीको तिथिमा भगवान श्रीराम र सीताबीच विवाह भएको सम्झनामा जानकी मन्दिरमा सीताराम विवाह पञ्चमी महोत्सव मनाइने गरिन्छ।

### श्रद्धालुहरुको खचाखच भीड

# गढीमाईमा आज राँगाको बली, भारतबाट राँगा र बोका ल्याउन रोक

**रञ्जन यादव**

गढीमाई (बारा) । बलीप्रदानका लागि प्रसिद्ध गढीमाई मन्दिरमा आइतबारदेखि बली प्रदान शुरु हुनेछ। मन्दिरका पुजारी मंगल थारु चौधरीले जनाए अनुसार मन्दिरमा पञ्चबली प्रदान भएपछि राँगाको बली दिइने छ।

मुसा, बंगुर, कुखुरा, बोका र राँगाको पञ्चबली दिने छ । पञ्चबली प्रदान गरिएपछि राँगाको बली प्रदान गरिनेछ। बली का लागि राँगाहरुलाई पशुबध शालामा राख्न थालिएको छ। ३० हजार बढी राँगाको बली दिने अनुमान मेला आयोजक समितिले गरेको छ।

सिनो फाल्न स्थानीय दलितहरु(चमार)ले अस्वीकार गरेका छन् । उनी पछिल्लो तीन मेलादेखि सिनो फाल्न अस्विकार गर्दै आएका छन्। पशु बधशालामा राँगा राख्ने र त्यस भित्र नै बली दिने गरिन्छ।

सामूहिक रुपमा नै दलितहरुले सिनो नफाल्ने बताएपनि केहिले सिनो फाल्ने र बढी राँगाको मासु बिभिन्न निकायहरुलाई बिक्री गरिने बताइएको छ।

नेपालको सर्वोच्च अदालतले गरेको आदेशमा गढीमाई मन्दिरमा बली प्रदान घटाउँदै लग्नुपर्ने उल्लेख छ। जानवर अधिकार सम्बद्ध विभिन्न संघसंस्थाहरुले बली को विरोध गर्दै आएका छन्।

भारतको सर्वोच्च अदालतले पनि भारतीय भूमिबाट नेपालमा बलीका लागि लगिने राँगा, बोका, भैंडा, परेवा, कुखुरा लगायतका जनावर र पंक्षी लग्न रोक लगाउन आदेश जारी गरेको थियो। त्यो आदेश अद्यावधि कायमै छ।



भारतबाट ल्याइने बलीका बोका, राँगा लगायतका जनावरमा सीमाक्षेत्रमा रोक लगाइएको छ। स्थानीय वासिन्दाहरुका अनुसार रक्सौल प्रहरीलगायत भारतीय सिमा क्षेत्रका प्रहरीद्वारा महागढीमाई मन्दिरतर्फ ल्याइएका खसी, बोका, राँगा तथा अन्य पशुपँक्षीलाई नियन्त्रणमा लिएको छ।

मेला ब्यवस्थापन समितिले भारतबाट बलीका लागि ल्याइने राँगा लगायतको पशुपँक्षीमा रोक नलगाउन सहजीकरण गरेका थिए। तर बलीका लागि राँगा र बोकालगायतका पशुपँक्षीलाई ल्याउन पूर्वसन्ध्यामा बोर्डरमा कडाइ गरिएको छ।

भारतीय सशस्त्र सीमा बलले र भारतीय प्रहरीले नियन्त्रणमा लिएको पशुपंक्षीहरु आइतबार बिहानसम्म नेपाल आइपुग्ने मेला व्यवस्थापन समितिले दाबी गरेको छ । नेपालमा भने बली प्रदानमा कुनै प्रकारको अवरोध छैन।

पहिलो दिन आइतबार राँगाको बली र सोमवार बोका, बंगुर, परेवा, कुखुरालगायतको बली दिने साइत निर्धारण गरिएको छ। गढीमाई मेलामा प्रमुख रुपमा दुई दिन मात्र बली प्रदान गरिन्छ । राँगाको बली बधशालामा दिए पनि बोका, बंगुर, परेवा, कुखुरालगायतको बली सीमा क्षेत्रको कुनै स्थानमा दिने गरिन्छ।

त्यसका लागि ठूलो संख्यामा स्वयंसेवकहरु बली दिने हतियारसहित सीमा क्षेत्र भरी घुमिरहेका हुन्छन्। मन्दिर परिसरमा अत्यधिक भीड रहने भएकाले सीमामा पुगेकै स्थानमा बली दिने व्यवस्था गरिएको मेला आयोजक समितिले जनाएको छ।

मेलालाई व्यवस्थित र भीडलाई नियन्त्रण गर्न भारी संख्यामा सशस्त्र र नेपाल प्रहरी परिचालन गरिएको छ। गढीमाई मेलामा बली को दिन अत्यधिक भीड हुने भएकाले त्यसको व्यवस्थापन गरिसकिएको मधेश प्रदेशका प्रहरी प्रमुख डीआईजी लालमणी आचार्यले जनाए।

'सुरक्षाको सम्पूर्ण व्यवस्था भइसकेको छ 'उनले भने, सादा र वर्दीमा प्रहरी परिचालन गरी शान्ति सुरक्षालाई सुदृढ बनाइएको छ।

गढीमाई मेलामा नेपाल र भारतका अतिरिक्त अन्य देशबाट पनि मेला भर्न मानिसहरु आउने गरेका छन् । गढीमाईमा भाकल पूरा भएपछि बली प्रदान गरिने चलन छ। पाँच वर्षमा धेरै मानिसले गढीमाईमा बली दिने भाकल गर्ने भएकाले मेलामा अत्यधिक बली प्रदान हुने गरेको बताइन्छ।

गढीमाई मेला लगाउन सयौँ बिघा खेतको धान काटिसकिएको छ । मेला वरिपरिका खेतमा गहुँ, दलहन, तेलहन लगायतका बाली लगाइदैन । चाँडै पाक्ने जातको धान रोपेर कार्तिकमै काट्ने गरिन्छ।

मेलामा विभिन्न प्रकारको खेल सामग्रीहरु राखिएका छन् । आयोजक समितिको अनुसार शनिबार सम्म २५ लाख बढी मानिसहरुले मेलामा दर्शन गरिसकेका छन्। बली प्रदान हुने दुई दिन त्यो संख्यामा अत्यधिक वृद्धि हुने समितिको दाबी छ।

## ५ सयमा विशेष दर्शन

**टुडे समाचारदाता**

कलैया । गढीमाई मेलामा भीड अत्यधिक बढेपछि मेला व्यवस्थापन समितिले 'सुगम दर्शन'को व्यवस्था गरेको छ । भीडमा लामो लाइन लागेर दर्शन गर्न नचाहनेहरुका लागि 'सुगम दर्शन'को व्यवस्था गरिएको छ।


पाँच सय रुपैयाँको रसिद काटेर सोझै मन्दिरमा दर्शनको व्यवस्था मिलाइएकोले प्रायः श्रद्धालुहरु त्यसको लाभ लिइरहेको मेला समितिले जनाएको छ।

मेलामा लाखौँ मानिसको सहभागिता हुने र सबैले दर्शन गर्ने भएको हुँदा मन्दिरसम्म लाइन लागेर जान केही समय लाग्नु स्वभाविक भएको समितिले बताउँदै सहज रुपमा दर्शन गर्नेहरुले अनिवार्य रुपमा पाँच सयको रसिद कटाउनुपर्ने व्यवस्था गरिएको जनाएको छ।

पाँच सय रुपैयाँको रसिद काटेर सहज रुपमा दर्शनको व्यवस्था हुँदा श्रद्धालुलाई पनि सुगम र मन्दिरलाई आर्थिक सहयोग प्राप्त भइरहेको छ।

भारतलगायत नेपालकै केही ठूला मन्दिर हरुमा 'शीघ्र दर्शन र विशेष पुजा'का लागि शुल्क निर्धारण गरिएको छ।



# महोत्सवमा सम्वाद समुहद्वारा यात्री सहायता र नि:शुल्क स्वास्थ्य शिविर



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल-भारत खुला सीमा संवाद समूह र क्लोथ बैंक धनुषाको संयुक्त आयोजनामा जनकपुरधाममा संचालन गरिएको निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरिएको छ।

विवाह पञ्चमी महोत्सवको अवसरमा जनकपुरधाममा यात्री विश्राम, स्वास्थ्य शिविर, पिउने पानीको व्यवस्था र यात्री सहायता परामर्श केन्द्र स्थापना गरिएको थियो।

शिविरको दोस्रो दिनसम्म करिब २५ सयभन्दा बढीले स्वास्थ्य सेवा लिएका संस्थाका अध्यक्ष डा. राजीव झाले जानकारी दिए ।उनका अनुसार नेपाल-भारत खुला सीमाका कारण भारतको विहार उत्तर प्रदेश पश्चिम बंगालबाट लाखौंको संख्यामा भक्तजनहरू राम-जानकी विवाह हेर्न आउने गरेको छन्।

खुला सीमा र नेपाल-भारत मैत्री सम्बन्धका आधार स्तम्भका कारण शिविरमा आउने गरेको यात्रीहरूले बताएका छन् ।शिविर बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म सञ्चालन भएको र त्यसपछि यात्री विश्राम स्थलमा परिवर्तन गरिएको आयोजकले जनाएको छ।

शिविरमा डा. अजय मिश्र, डा. उदय झा, सिनियर अहेव दिलीप मिश्र, उज्ज्वल झा, शशी सिंह र सोनु यादवलगायतका स्वास्थ्यकर्मीहरूले निःशुल्क सेवा प्रदान गरेका थिए ।जसपा नेता तथा प्रदेशसभा सदस्य मनीष सुमन, जिसस प्रमुख रामनन्दन मण्डलले संस्थाले गरेको कामको प्रशंसा गर्दै समाज सेवाको पहललाई प्रेरणादायी रहेको बताए ।यस्तै, प्रमोद चौधरी, डा. वीरेन्द्रलाल कर्ण, प्राध्यापक देवेन्द्र झालगायतले समूहले गरेको कामको प्रशंसा गर्दै शुभकामना दिएका थिए।

शिविरमा नेपाल-भारत खुला सीमा संवाद समूहका उपाध्यक्ष शैलेन्द्र झा, धनेश्वर ठाकुर, मनीष ठाकुर, कृष्णकुमार साह र क्लोथ बैंकका उपाध्यक्ष पुरन साह, सचिव मनीष श्रीओम, कार्यक्रम संयोजक रञ्जित झा, खुश्बु साह, नन्दकुमार झालगायतको उपस्थिति रहेको प्रवक्ता प्रमोद कुमार साह रङ्गीले जानकारी दिए।

यो शिविरले विवाह पञ्चमी महोत्सवमा सहभागी तीर्थयात्रीहरूलाई सहज र सुरक्षित वातावरण प्रदान गर्ने उद्देश्य राखेको छ।

# कृषि यन्त्र परीक्षणका लागि इन्जिनियरहरुको जमघट

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दीमा विभिन्न २३ देशका कृषि यन्त्र परीक्षण केन्द्रमा कार्यरत इन्जिनियरहरुको जमघट भएको छ।

शनिबारदेखि तीनदिनसम्म नवलपुरस्थित कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्रमा आयोजित तालिममा सहभागी हुन २३ देशका इन्जिनियर जानकारी दिए । उनले मधेश प्रदेशको सर्लाहीको लालबन्दीमा पहिलो पटक अन्तर्राष्ट्रियस्तरका विभिन्न देशका इन्जिनियर भेला भएर कृषि यन्त्र परीक्षण सम्वन्धी तालिम संचालन भएको बताए।

मंसिर २५ गतेसम्म चल्ने तालिममा कृषि यन्त्र परीक्षणका सम्वन्धमा उपलब्धि, चूनौति, थप अवसरलगायत विषयवस्तुमाथि



सर्लाही आइपुगेका छन् । सार्कका ८ राष्ट्रसहित चीन, रुस, थाइल्याण्ड, कम्बोडिया, उज्वेकिस्तानसहित २३ देशका इन्जिनियर तालिममा सहभागी हुनका लागि जमघट भएको कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्रका प्रमुख रामनाथ झाले बृहत छलफल तथा प्रशिक्षण चल्ने जनाइएको छ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र नवलपुर स्थित कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्रले तालिमको आयोजना गरिएको आयोजकले जनाएको छ।

# बाक्लो हुस्सु लाग्न थाल्यो



**टुडे समाचारदाता**

जनकपुरधाम। तराई-मधेशमा बाक्लो हुस्सु लाग्न थालेसँगै चिसो बढेको छ।

जनकपुरधामसहित मधेश प्रदेशका विभिन्न जिल्लामा पनि शनिबार बिहान बाक्लो हुस्सु लागेर अत्यधिक शीत झरेको थियो। दिउँसो केहीबेर पारिलो घाम पनि लागेको थियो। अहिले साँझबाट पुनः बाक्लो हुस्सु लागेर शीत पर्न थालेको छ।

चिसो बढेसँगै अतिविपन्न र दिनहुँ मजदुर गरेर पेट पाल्ने परिवारमा समस्या उत्पन्न हुन थालेको छ। ताता ओढ्ने ओछ्याउने नभएका परिवारलाई चिसो बढेसँगै कसरी न्यानो भएर बस्ने र चिसोबाट जोगिने भन्ने चिन्ता पर्न थालेको छ।

यस मौसममा स-साना बालबालिका, वृद्धवृद्धा, दीर्घ रोगी, अशक्त र रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिसलाई चिसोजन्य स्वास्थ्य समस्या पर्ने भएकाले सावधानी अपनाउन चिकित्सकले आग्रह गरेका छन्। अहिले चिसोसँगै धुलो, धुँवाको प्रदुषण पनि रहेका कारण स्वास्थ्यलाई बचाउनु पर्ने चिकित्सकले सल्लाह दिएका छन्।

चिसो बढ्दै गए पनि सर्लाहीसहित तराई क्षेत्रमा यो वर्ष अझै लामखट्टेको आतंक छ। धेरै मानिस जाडोको बेलामा पनि डेंगुबाट ग्रसित छन्।

बाक्लो हुस्सु लाग्न थालेसँगै सवारी दुर्घटनाको जोखिम पनि बढेकाले सावधानी अपनाउन पैदलयात्री र सवारी चालकसँग जिल्ला ट्राफिक कार्यालयले अनुरोध गरेको छ।

हुस्सु लाग्न थालेसँगै गोलभैंडा, लहरी, तोरी, आलुलगायतका बालीमा ठण्डीजन्य संक्रमण लाग्ने चिन्ता किसानमा पर्न थालेको छ।

# राष्ट्रपति पौडेल अस्पतालबाट 'डिस्चार्ज'

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेल स्वास्थ्यलाभ गरी अस्पतालबाट डिस्चार्ज हुनुभएको छ। उहाँ गत बुधबार प्रोस्टेटसम्बन्धी उपचारका लागि महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा भर्ना हुनुभएको थियो। उहाँको सोही दिन प्रोस्टेटसम्बन्धी शल्यक्रिया भएको हो।

अस्पतालका निमित्त कार्यकारी निर्देशक घनश्याम गुरुङले विज्ञप्ति जारी गरेर राष्ट्रपति पौडेल स्वास्थ्यलाभ गरी शनिबार अपराह्न डिस्चार्ज हुनुभएको जानकारी दिनुभएको हो।

यसैबीच, राष्ट्रपति पौडेलले आफ्नो उपचरमा संलग्न सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी, अस्पतालका अन्य कर्मचारीलगायत स्वदेश तथा विदेशबाट आफ्नो स्वास्थ्यलाभको कामना गर्नेहरुप्रति आभार व्यक्त गर्नुभएको छ। राष्ट्रपतिको कार्यालयले जारी गरेको विज्ञप्तिमा उक्त कुरा जनाइएको छ।

स्वास्थ्यबारे जानकारी लिन उपराष्ट्रपति अस्पतालमा

राष्ट्रपति रामचन्द्र पौडेलको स्वास्थ्य अवस्थाबारे उपराष्ट्रपति रामसहायप्रसाद यादवले जानकारी लिनुभएको छ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा प्रोस्टेटको शल्यक्रियापछि स्वास्थ्यलाभ गरिरहनुभएका राष्ट्रपतिको स्वास्थ्यस्थितिबारे उहाँले आज अपराह्न उक्त अस्पताल पुगेर जानकारी लिनुभएको हो। राष्ट्रपति पौडेल गत बुधबार बिहान उपचारार्थ त्यहाँ भर्ना हुनुभएको थियो ।रासस

# न्यायालय लयमा आयो अब गरिमामय बनाउनुछ, साथ दिनुस् : प्रधानन्यायाधीश

काठमाण्डु । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले सबैको अथक प्रयासले अहिले न्यायालय एउटा लयमा फर्किएको बताउनुभएको छ । काठमाडौंमा वरिष्ठ अधिवक्ताहरूलाई प्रमाणपत्र वितरण समारोहमा उहाँले लयमा फर्किएको न्यायालयलाई अब गरिमामय बनाउनुपर्नेमा जोड दिनुभयो।

प्रधानन्यायाधीश भन्नुभयो, "न्यायालय लयमा फर्किएकामा मात्रै चित्त बुझाउने हो कि गरिमामय बनाउने हो, यो आफैं गरिमामय त बन्दैन है । यसलाई गरिमामय बनाउने जिम्मेवारी वर्तमान परिवेशले हामी सबैलाई सुम्पेको छ, हामीले आफूलाई निर्मम समीक्षा गर्न जरूरी छ, हामीले न्यायालयलाई गरिमामय बनाउन सकिरहेका छौं कि छैनौं, त्यसतर्फ हाम्रो भूमिका उन्मुख छ कि छैन ? विचार गर्नुपर्ने भएको छ।" उहाँले आफू भने न्यायालयलाई गरिमामय बनाउन तयार रहेको बताउँदै साथ दिन वरिष्ठ अधिवक्ताहरूसँग अनुरोध पनि गर्नुभयो।

प्रधानन्यायाधीश राउतले थप्नुभयो, "तपाईंहरूको साथ सहयोग र सहकार्य गर्न पाए न्यायालय गरिमामय नहुने कुरै छैन, एकपटक प्रयास त गरौं, म नम्रतापूर्व सम्पूर्ण वरिष्ठ अधिवक्ताहरूमा नमन गर्न चाहन्छु ।" उहाँले वरिष्ठ अधिवक्ताले उच्च तहको मर्यादाको अभ्यास गर्नुपर्नेमा जोड दिँदै नैतिकताको लक्ष्मण रेखाभित्र बस्न सक्नुपर्नेमा जोड दिनुभयो । उहाँले निजी स्वार्थ, अनुचित, नाजायज र बेमनासिब कुरालाई त्याग्न सकिएन भने नैतिकता जोगाउन नसकिने बताउनुभयो।

प्रमाण र कुननका आधारमा न्याय दिनै सकिँदैन भन्ने जस्ता मुद्दा अदालत पुगेको सन्दर्भ जोड्दै उहाँले भन्नुभयो, "कहिले साथी,



कहिले पावर सेन्टरको दबाबमा कहिलेकाहीँ आकर्षक पारिश्रमिकको आधारमा पुग्छ नि, त्यतिखेर टिक्दै नटिक्ने मुद्दामा वरिष्ठज्यूहरूको अदालतमा उपस्थिति देखियो भने इमेज कस्तो होला ?, स्तर कस्तो होला ? अरूले पनि नियाल्छ नि, जस्तै हामी न्यायाधीशहरूलाई अरूले नियालेका छन् नि, इमेज कस्तो हुन्छ ? यसको उत्तर मैले दिनु शोभनीय हुन्न, यो जिम्मा मैले तपाईंहरूलाई छाडें ।"

महान्यायाधिवक्ता रमेश बडालले वरिष्ठ अधिवक्ताको गरिमा जोगाउन कानुन व्यवसायीहरूलाई अनुरोध गर्नुभयो। अर्धन्यायिक निकायमा वरिष्ठ अधिवक्ताहरू जान नहुने, कुनै पनि मुद्दाका बहसमा जाँदा एकजना अधिवक्ता सहयोगी भएर जानुपर्ने स्पष्ट व्यवस्था भए पनि त्यो अभ्यास नभएको उल्लेख गर्दै उहाँले यसतर्फ वरिष्ठ अधिवक्ताहरूले ख्याल गर्नुपर्नेमा जोड दिनुभयो।

समारोहमा वरिष्ठ अधिवक्ताको प्रमाणपत्र ग्रहण गर्नुभएका डा भीमार्जुन आचार्यले अब न्याय निरूपणमा प्रविधिको विकासले चुनौती खडा गरेकाले त्यसतर्फ ध्यान दिन सकिएन भने गरिमामाथि आँच आउने बताउनुभयो। उहाँले अधिवक्ताहरूले पनि विधागत विशेषज्ञ भएर अघि बढ्न जरूरी रहेको औंल्याउनुभयो।

समारोहमा सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल, वरिष्ठ अधिवक्ता कविता बस्नेतलगायतले धारणा राख्नुभएको थियो । शनिबार कार्यक्रममा प्रधानन्यायाधीश राउतले एक सय ५९ जना वरिष्ठ अधिवक्ताहरूलाई प्रमाणपत्र दिनुभएको थियो ।रासस

# 'अब सुविधाको खोजीमा सहर पस्नुपर्ने अवस्था छैन'

काठमाण्डु। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले शिक्षा, स्वास्थ्य, सडक पूर्वाधारलगायत विकास पूर्वाधार गाउँ केन्द्रित भइरहेकाले सुविधाका लागि सहर पसेकाहरूलाई ' गाउँ फर्क' अभियान चलाउनुपर्ने बताउनुभएको छ।

शनिबार मालारानी गाउँपालिका-२ मा रहेको वीरेन्द्र माध्यमिक विद्यालयको स्वर्णजयन्ती महोत्सव उद्घाटन गर्दै उहाँले तीन तहका सरकारले गाउँ केन्द्रित विकासलाई प्राथमिकतामा राखेर सुविधा पुऱ्याइरहेका सन्दर्भमा अब यस्तो अभियान जरूरी रहेको बताउनुभएको हो। "हामिले गाउँमा विकास र सुविधा पुऱ्यायौं। त्यही सुविधाका लागि सहर पसेकाहरू गाउँ फर्कन आवश्यक छ", मुख्यमन्त्री आचार्यले भन्नुभयो, "अब राम्रो स्कुलमा पढाउनकै लागि घरमा ताला लगाएर सहर पस्नुपर्ने अवस्था छैन। रोजगारी सिर्जनाका लागि पनि अब गाउँ फर्किएर उद्यम गर्न सकिन्छ। त्यो अवसर विकास भएको छ।"

उहाँले राजनीतिक दल, जनप्रतिनिधि, समाजसेवी तथा समाजका अगुवाले यस अभियानलाई अगाडि बढाउनुपर्ने



आवश्यकता औंल्याउनुभयो। "राजनीतिक दलका कार्यकर्ता पनि अब उद्यमशील बन्नुपर्छ। व्यावसायिक बनेमा स्विदेशमै राम्रो कमाई गर्न सकिन्छ भन्ने सन्देश फैलाउन पनि उत्पादनसँग जोडिनै पर्छ", मुख्यमन्त्री आचार्यको भनाइ थियो।

यसैगरी उहाँले सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर गुणस्तर सुधार्न सबै पक्ष गम्भीर बन्नुपर्ने बताउनुभयो। "गुणस्तरीय शिक्षा र नतिजा सुधार्न एउटा पक्षले मात्रै ख्याल गरेर हुँदैन। यसमा शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालयय व्यवस्थापन पक्ष, जनप्रतिनिधि सबै साझा रूपमा अघि बढ्न सक्नुपर्छ। गत वर्षको एसइई नजिता सन्तोषजनक भएन। यसपालिको नजिता सुधार गर्न सबै चिन्तित र संवेदनशील बन्नै पर्छ", मुख्यमन्त्री आचार्यले भन्नुभयो।

कार्यक्रममा विद्यालयको शैक्षिक विकासमा योगदान पुऱ्याउने विभिन्न व्यक्तिलाई सम्मानसमेत गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुराम आचार्यले जानकारी दिनुभयो ।रासस


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ। |
| वृष | : बौद्धिक क्षमता। |
| मिथून | : प्रतिभा सम्पन्नता। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : पारिवाहिक सुख। |
| कन्या | : धन वृद्धि सञ्चय। |
| तुला | : प्रेम प्रसंग, मित्र सुख। |
| वृश्चिक | : सुख समृद्धि हुने। |
| धनु | : भ्रमण अवसर हुने। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




जानकी मन्दिर परिसरमा विश्व हिन्दू परिषद्‌द्वारा आयोजित छैटौं ३४ जोडीको सामूहिक विवाह समारोह । तस्बिरः संजय कुमार यादव

# पत्रकार महासङ्घको अध्यक्षका लागि पाँचजनाको उम्मेदवारी

काठमाण्डु । यही मङ्सिर २८ गते हुने नेपाल पत्रकार महासङ्घको अध्यक्ष पदका लागि पाँचजनाले उम्मेदवारी दिनुभएको छ । सूचीअनुसार अध्यक्षका लागि कमल गिरी, देवीप्रसाद सापकोटा, निर्मला शर्मा, रमेश बिष्ट र लालसिंह (एलएस) लामाको उम्मेदवारी परेको छ ।

गिरी प्रेस सेन्टर नेपाल नेतृत्वको संयुक्त प्यानलबाट उम्मेदवारी दिनुभएको हो भने शर्माले प्रेस चौतारीसहित प्यानलबाट उम्मेदवारी दिनुभएको छ । त्यसैगरी, बिष्टले स्वतन्त्र उम्मेदवारी दिनुभएको छ।त्यसैगरी, वरिष्ठ उपाध्यक्षमा गोविन्दप्रसाद चौलागाईं, दामोदरप्रसाद दवाडी, दीपक आचार्य र रोशन पुरीसहित चारजनाको उम्मेदवारी परेको छ । चौलागाई चौतारी नेतृत्वको प्यानलका उम्मेदवार हुनुहुन्छ। पुरी प्रेस सेन्टर नेतृत्वको प्यानलका उम्मेदवार हुनुहुन्छ।




उपाध्यक्ष महिलामा गङ्गा पौडेल र नितु पण्डितको उम्मेदवारी परेको छ । बराल प्रेस सेन्टर नेतृत्वको प्यानलका उम्मेदवार हुनुहुन्छ भने पण्डित चौतारी नेतृत्व प्यानलको उम्मेदवार हुनुहुन्छ। त्यसैगरी, महासचिवमा जन्मदेव जैसी, प्रकाश थापा, रामप्रसाद दाहाल लेखनाथ न्यौपानेको उम्मेदवारी परेको छ। जसमा दाहाल चौतारी नेतृत्वको प्यानलबाट उम्मेदवार हुनुहुन्छ भने न्यौपाने सेन्टर नेतृत्वको प्यानलका उम्मेदवार हुनुहुन्छ। ५२ सदस्यीय केन्द्रीय कार्यसमितिका लागि एक सय ३३ जनाको उम्मेदवारी परेको छ। महासङ्घको निर्वाचन कार्यतालिकाअनुसार शुक्रबार बिहान १० देखि साँझ ५ बजेसम्म मनोनयन दर्ता गर्ने समयसीमा तोकिएकामा उक्त समयसीमाभित्र ४७ पदका लागि एक सय ३३ जनाको उम्मेदवारी दर्ता भएको छ ।रासस

## दुई लाखलाई सेवा दिने आँखा अस्पतालको लक्ष्य

काठमाण्डु । नेपाल आँखा अस्पताल त्रिपुरेश्वरले चालु आर्थिक वर्षमा दुई लाख सेवाग्राहीलाई सेवा प्रदान गराउने लक्ष्य लिएको छ । गत आवमा एक लाख ६२ हजार बिरामीलाई सेवा उपलब्ध गराएको अस्पतालले चालु आवमा करिब ४० हजारभन्दा बढीलाई सेवा प्रवाह गर्ने लक्ष्य लिएको हो ।

शनिबार आयोजित अस्पतालको २०औँ वार्षिक साधारणसभामा अस्पतालले गत आवमा १० हजारको आँखाको विभिन्न खाले शल्यक्रिया गरेकामा चालु आवमा बढाएर १५ हजार पुऱ्याउने लक्ष्य लिइएको जानकारी दिइयो । गत वर्ष अस्पतालले सात सय ६० जनालाई निःशुल्क उपचार सेवा उपलब्ध गराएको थियो भने ८० वर्षमाथि उमेरका ज्येष्ठ नागरिकलाई उपचार सेवामा लाग्ने शुल्कमा २५ प्रतिशत छुट दिँदै आएको छ ।

त्यसअवसरमा अस्पताल सञ्चालक समितिका कोषाध्यक्ष डा अनिलप्रसाद गोर्खालीले वार्षिक आयव्यय विवरण प्रस्तुत गर्दै गत आवमा रु तीन करोड, तीन लाख ७५ हजार रकम बचत गर्न सफल भएको जानकारी दिनुभयो ।

आँखाका बिरामीलाई सरल, सहज र गुणस्तरीय सेवा उपलब्ध गराउने सिलसिलामा निकट भविष्यमै अस्पतालले बिमा प्रणालीलाई समावेश गर्ने तथा विधान संशोधनसम्बन्धी कार्य तीन महिनाभित्रै पूरा गरिने अस्पताल सञ्चालक समितिका अध्यक्ष डा गोपालप्रसाद पोखरेलले जानकारी दिनुभयो।

साधारणसभाले अस्पतालका सचिव युद्धध्वज सापकोटाद्वारा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमसम्बन्धी प्रतिवेदनलाई अनुमोदन गरेको छ। स्थापनाको ५१औं वर्षमा रहेको अस्पताले विशेषज्ञसहित एक सय २६ कर्मचारीमार्फत आँखासम्बन्धी सम्पूर्ण गुणस्तरीय सेवा प्रदान गर्दैआएको छ।

अस्पतालले निजी क्षेत्रबाट चश्मा बिक्रीमा हुन सक्ने मूल्य वृद्धिलाई रोकी बजार मूल्य नियन्त्रण गर्न चश्मा पसल सञ्चालन गर्दै आएको छ।

नेपालमा खेलकुद उत्सव छाइरहेको छः मन्त्री चौधरी

त्यसअवसरमा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले पछिल्लो समय एकपछि अर्को महत्वपूर्ण प्रतियोगिता आयोजना भइरहेकाले नेपालको खेलकुद क्षेत्रमा उत्सव छाइरहेको बताउनुभएको छ।

उहाँले मुलुकमा निरन्तर खेलकुद प्रतियोगिता भएपछि खेलकुद क्षेत्र र खेलाडीमा उत्साह र उमङ्ग बढेको धारणा व्यक्त गर्नुभयो। मन्त्री चौधरीले भन्नुभयो, "राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय पदकधारी खेलाडीलाई रोजगारी र अन्य सुविधा दिन नकेकाकारण विदेश पलायन हुनेको सऱ्या चुनौतीका रुपमा बढिरहेको छ ।रासस

## जनकपुरधाममा विवाहपञ्चमी महामहोत्सव,

# २० लाखभन्दा बढी दर्शनार्थीहरू सहभागी

जनकपुरधाम । श्री सीताराम विवाहपञ्चमी महामहोत्सवका लागि जानकी मन्दिरकै प्राङ्गणमै विवाहमण्डप बनाइएको छ । जानकी मन्दिरको प्राङ्गणमा वैवाहिक कार्यक्रमको समयमा हजारौँ श्रद्धालुको सहभागिता रह्यो ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवका अनुसार यस पटक विवाहपञ्चमी महामहोत्सवमा करिब २० लाखभन्दा बढी दर्शनार्थीहरू सहभागी भए। त्रेतायुगको झल्को दिने विवाहपञ्चमी महोत्सव हेर्नका लागि नेपाल, भारत र तेस्रो मुलुकबाट हजारौँ दर्शनार्थीहरू जनकपुरधाम आइपुगेको हो ।यस पटक प्रत्येक ५ वर्षमा अयोध्याबाट आउने जन्ती पनि आएका छन् । अयोध्याबाट रामजन्म भूमि तीर्थ क्षेत्र ट्रष्टका महासचिव चम्पत राय, अयोध्याका प्रमुख गिरिशपति त्रिपाठी, विश्व हिन्दू परिषद् केन्द्रीय मन्त्री राजेन्द्र सिंह पङ्कज सहितका व्यक्ति जन्तीमा आएको छ ।जकपुरधामस्थित जानकी मन्दिरको प्राङ्गणमा वैवाहिक कार्यक्रमको प्रत्येक वर्ष आयोजना हुनेगर्छ। वैवाहिक कार्यक्रमका लागि छोरीको बिहेका लागि जसरी मण्डप सजाइन्छ ठीक त्यसरी नै रामजानकी विवाहका लागिसमेत मण्डप सजाएको छ।

जनकपुरधामस्थित रहेको जानकी मन्दिरलाई मिथिला दरबारका रूपमा लिइन्छ भने राम मन्दिरलाई अयोध्या दरबारका रूपमा लिइन्छ। जानकी मन्दिर तथा राम मन्दिरलाई बेहुली झैँ विवाहपञ्चमीका लागि सिङ्गारिएको छ। जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले छोरी बिहेको आयोजन गरिरहेको जस्तै अनुभव गर्ने गरेको बताउनुभयो।

महन्त दासका अनुसार बिहेमा माता सीताको पिता राजा जनकको भूमिकामा हुन्छ । यता राम मन्दिरका महन्त बाबा राम गिरि पनि राजा दशरथको भूमिका निर्वाह गर्न कुनै कसर बाँकी राख्दैनन्। उहाँले भन्नुभयो, "सीताजस्तो बुहारी पाउने भएपछि हर्ष विभोर हुनु स्वाभाविक नै हो।"

त्रेतायुगमा अयोध्यानरेश दशरथका पुत्र मर्यादा पुरुषोत्तम भगवान् श्री राम र मिथिलाका शिरध्वज राजर्षि जनककी पुत्री माता जानकीको विवाह भएको स्मरणमा साताव्यापी रूपमा मनाइने विवाहपञ्चमीको पहिलो दिन नगर दर्शन विधि गरिन्छ । जसमा राम लक्ष्मणको प्रतीक स्वरूप बनाइएको राम लक्ष्मणलाई जनकपुरधाममा नगरदर्शन गराइन्छ।

विवाहपञ्चमी महोत्सवको दोस्रो आकर्षण भनेको फूलबारी लिला हो । फूलबारी लीलामा राम जानकीको पहिलो भेट गराइन्छ। त्रेतायुगमा भगवान रामको पहिलो भेट भारतको गिरिजा स्थानमा रहेको गिरिजा माई मन्दिरको प्राङ्गणमा रहेको फूलबारीमा भएको जानकार डा राजेन्द्र विमल बताउँछन्।



यो विधि जानकी मन्दिरकै छेउमै रहेको विवाहमण्डपको फूलबारीमा गर्ने गरिन्छ। तेस्रो दिन धनुष यज्ञ सम्पन्न हुन्छ। माता सीताले शिवजीको पिनाक धनुषलाई बायाँ हातले उठाएर लिपपोत गरेको देखेर राजा जनक यो धनुषमा प्रत्यंचा चढाउन सक्ने वीर पुरुषसँगै आफ्नो छोरीको बिहे गरिदिने वचन लिएर धनुष यज्ञको आयोजन गरिएको अर्का जानकार संस्कृतविद् एवं पण्डित मुकेश प्रतिहस्तले बताउनुभयो।

त्रेतायुगमा सो धनुष यज्ञको आयोजन रङ्गभूमि मैदान १२ बिघामा भएको जनविश्वास छ। सोही स्मरणमा धनुष यज्ञ विधि सम्पन्न गरिन्छ । महोत्सवको चौथो दिन राम मन्दिरको प्राङ्गणमा हजारोको श्रद्धालुका बीच तिलकोत्सव विधि सम्पन्न हुन्छ, जानकारहरू बताउँछन् । भारतको उत्तर प्रदेश अयोध्याबाट जन्तीको नेतृत्व गरी आउनुभएका रामजन्मभूमि ट्रष्टका महासचिव चम्पत रायले विवाहपञ्चमी महोत्सवले नेपाल-भारत बीचको प्राचीन सम्बन्धलाई नयाँ स्तरमा अझ बढी प्रगाढ बनाउने काम गर्ने गरेको बताउनुभयो।

त्यस्तै, अयोध्याका प्रमुख गिरिशपति त्रिपाठीले विवाहपञ्चमी महोत्सवले नेपाल-भारतको संस्कृति, धार्मिक तथा भावनात्मक एकतालाई प्रगाढ बनाएर जीवन्त बनाउने काम गरेको उल्लेख गर्नुभयो ।उता मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले विवाहपञ्चमी महोत्सवको धार्मिकता, पौराणिकता र सांस्कृतिक वैशिष्ट्यलाई अक्षुण्ण राख्न तथा पर्वप्रति विद्यमान गहिरो आस्था बताउनुभयो । उहाँले विवाहपञ्चमीका दिन एघार वा एक्काइसवटा दीप भए पनि जनकपुरधामका प्रत्येक घरआँगनमा जलाएर रामजानकी विवाहप्रतिको श्रद्धाभक्ति तथा अनुष्ठान परम्परालाई थप भव्य भएको बताउनुभयो।

मेला हेर्न आएको उत्तर प्रदेश राज्यको बोकडा घर भएको ५८ वर्षीय भोला यादवलेले भन्नुभयो, "जनकपुरधाम नाम मात्रै सुनेको थियो, आज प्रत्यक्ष हेरिएको छु । सुनेभन्दा आएर हेरे त्योभन्दा राम्रो रहेको र मन गद्गद भएको बताउँछ।"

जनकपुरधाममा अयोध्याबाट आएका जन्ती विभिन्न कार्यक्रममा सरिक भइरहेको भन्दै देश तथा विदेशका विभिन्न ठाउँबाट मेला भर्न जनकपुरधाम आएका श्रद्धालुभक्तजनहरूलाई आफ्नै घरमा भए पनि बासको व्यवस्थापनमा सघाउन मुख्यमन्त्री सिँहले जनकपुरधामवासीसँग आग्रह गर्नुभएको छ।

तिलकोत्सवमा जानकी मन्दिरबाट राम मन्दिरमा पाहुर आउँछ। जहाँ जानकी मन्दिरका महन्त र राम मन्दिरका महन्तबीच अङ्कमाल हुन्छ। तिलकोत्सवमा सहभागी महिलाहरू रामजानकीको बिहेका गीतहरू गाउँछन् भने हास्यपरिहासको माहौलसमेत हुन्छ । जसरी मिथिलामा समाधिलाई विभिन्न किसिमको गाली गरिन्छ त्यसरी नै मन्दिरमा समेत दुवै पक्षबाट गालीसहित हँसीठट्टा गरिन्छ।

राम मन्दिरका महन्त राम गिरिका अनुसार समाधि मिलन कार्यक्रममा जानकी मन्दिरका उत्तराधिकारी महन्त, पुजारीहरू सहभागी हुने गर्दछ भने राम मन्दिरबाट महन्त स्वयम्, गुठी संस्थानका प्रतिनिधि तथा स्थानीय युवा क्लबका प्रतिनिधिहरू सहभागी हुन्छन् । महोत्सवको पाँचौँ दिन मटकोर विधि गरिन्छ । मटकोर विधिमा माता जानकीको मटकोरका लागि मिथिलाका महिलाहरूले जनकपुरधामकै पवित्र सरोवर रहेको गङ्गासागर पोखरीबाट साँझको समयमा मिथिलाको परम्पराअनुसार गीतनाद गाउँदै माटो खनेर ल्याउने गरिन्छ। सोही माटोबाट विवाहका लागि वेदी तयार गरिन्छ।

छैटौँ दिन ऐतिहासिक रङ्गभूमी मैदानमा स्वयंवर विधि सम्पन्न भएको छ भने शुक्रबार राति वैदिक परम्पराअनुसार वैवाहिक कार्यक्रम सम्पन्न गरिएको छ। स्वयंवरका लागि राम मन्दिर तथा जानकी मन्दिरको डोला रङ्गभूमि मैदान १२ बिघा पुग्ने गर्छ।

स्वयंवरपछि दुवै मन्दिरको डोला शोभा यात्रा गर्दै जानकी मन्दिर पुग्छ जहाँ वैवाहिक कार्यक्रम हुनेगर्छ । शुक्रबार राति हुने सो वैवाहिक कार्यक्रममा महिलाहरू विवाहका गीतहरू गाउने गर्छन् । विवाहपञ्चमीको सातौँ दिन भारतको अयोध्याबाट जन्तीका रूपमा आएका साधुसन्तहरूलाई भोजन गराउँदै बिदाइ गरिन्छ । जसलाई रामकलेवा भनिन्छ। राम कलेवामा बेहुला पक्षबाट आएकाहरूलाई गाली गर्नेसमेत परम्परा रहेको छ ।रासस

# साढे ४९ अर्ब बराबरको आइपिओ जारी गर्न ८० कम्पनी पाइपलाइनमा

काठमाण्डु । पुँजीबजारमा प्रारम्भिक सार्वजनिक निष्काशन (आइपिओ)का लागि नेपाल धितोपत्र बोर्डको पाइपलाइनमा रहेका कम्पनीको संख्या ८० पुगेको छ।

त्यस्तै, धितोपत्रको आइपिओ जारी गरी सूचीकरण भइसकेका छ वटा कम्पनीले आफ्नो पुँजी वृद्धि गर्न धितोपत्रको थप निष्काशन (एफपिओ) प्रक्रियामा रहेको बोर्डले जनाएको छ ।बोर्डका अनुसार कूल रू ४९ अर्ब ४८ करोड ३० लाख ४९ हजार पाँच सय ९६ बराबरको आईपिओ पाइपलाइनमा छ। विभिन्न क्षेत्रका ८० वटा कम्पनीको ३४ करोड १९ लाख एक हजार ८० कित्ता शेयर आईपिओका लागि बोर्डको प्रक्रियामा छ।

होटल तथा पर्यटन क्षेत्रका सात वटा कम्पनीले रु तीन अर्ब ३१ करोड १० लाख बराबरको तीन करोड ५३ लाख ६० हजार कित्ता आइपिओ जारी गर्न निवेदन दिएका छन् । साथै ४० वटा जलविद्युत् आयोजनाले कूल रु १६ अर्ब ४१ करोड ३० लाख ७९ हजार चार सय बराबरको १६ करोड ३६ लाख पाँच हजार चार सय ६४ कित्ता बराबर आइपिओ जारी गर्नका लागि बोर्डको प्रक्रियामा रहेका छन्।




लगानी समूहअन्तर्गत तीन वटा कम्पनीले रु दुई अर्ब ८४ करोड ३३ लाख ५० हजार बराबरको एक करोड ५६ लाख ७३ हजार पाँच सय कित्ता आइपिओ जारी गर्नका लागि पाइपलाइनमा छन् । उत्पादन तथा प्रशोधनतर्फ १५ वटा कम्पनीले रु २२ अर्ब ६८ करोड ४७ लाख ७६ हजार छ सय ९६ बराबरको नौ करोड १६ लाख ७५ हजार छ सय ८४ कित्ता आईपिओ निष्कासनको प्रक्रियामा छन्।

धितोपत्र बोर्डका अनुसार जलविद्युत् समूहतर्फ सबैभन्दा धेरै ४० वटा कम्पनीले आइपिओ निष्कासनका लागि बोर्डमा निवेदन दिएका छन् । सानिमा हाइड्रोपावर लिमिटेड, हिम स्टार ऊर्जा कम्पनी लिमिटेड, भुजुङ हाइड्रोपावर लिमिटेड, दरमखोला हाइड्रो इनर्जी लिमिटेड, सान्भी इनर्जी लिमिटेड, बेनी हाइड्रोपावर लिमिटेडलगायत कम्पनीको आइपिओ निष्कासन पाइपलाइनमा छ । त्यस्तै, यमलिङ्ग हाइड्रोपावर लिमिटेड, मबिलुङ्ग हाइड्रोपावर लिमिटेड, सोलु हाइड्रोपावर लिमिटेड, टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेड, विकास हाइड्रोपावर कम्पनी, कालिञ्चोक हाइड्रोपावरलिमिटेडलगायतकम्पनीहरु आइपिओ पाइपलाइनमा रहेका छन्।

होटल तथा पर्यटन समूहअन्तर्गत सात कम्पनीको आइपिओ पाइपलाइनमा छन् । यो समूहमा एपेक्स हस्पिटालिटी लिमिटेड, होटल फरेस्ट इन लिमिटेड, अर्केड होल्डिङ्स लिमिटेड, अन्नपूर्ण केबल कार, बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड, अकामा होटल लिमिटेड, ठमेल प्लाजा होटल एण्ड स्वीट्स लिमिटेड आइपिओ निष्काशनका लागि पाइपलाइनमा छन्।

लगानी समूहतर्फ वरुण इन्भेष्टमेन्ट लिमिटेड, सिड इनर्जी लिमिटेड र शिवम् होल्डिङ्स लिमिटेडले आइपिओ ल्याउँदैछन् । उत्पादन तथा प्रशोधन समूहतर्फ १५ कम्पनीको आइपिओ पाइपलाइनमा छ । एकोर्ड फर्मास्युटिकल्स लिमिटेड, एसवाई प्यानल नेपाल लिमिटेड, सूर्य सिमेन्ट इन्ड्रस्ट्रिज लिमिटेड, मारुती सिमेन्ट्स लिमिटेड, स्मार्ट डोर्स लिमिटेड, पाल्पा सिमेन्ट इन्ड्रस्ट्रिज लिमिटेड, ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडलगायत कम्पनीको आइपिओ आइँदैछ । त्यस्तै, लक्ष्मी टेक्नोप्लास्ट लिमिटेड, श्री डिस्टिलरी लिमिटेड, सोपान फर्मास्युटिकल्स लिमिटेड, भूगर्भ सिमेन्ट लिमिटेड, रिद्धिसिद्धि सिमेन्ट लिमिटेड, सागर डिस्टिलरी लिमिटेड र अम्बे स्टील्स लिमिटेडले आइपिओ ल्याउने तयारी गरिहेका छन्।

लघुवित्त समूहतर्फ स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडको आइपिओ निष्कासनका लागि बोर्डमा विचाराधिन छ । त्यस्तै, लघुबीमा (माइक्रो इन्स्योरेन्स) तर्फ क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड र स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडले आइपिओ जारी गर्न बोर्ड समक्ष निवेदन दिएका छन् ।रासस


मधेश प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**जनकपुरधाम, धनुषा**

**रसायनिक मल बिक्री वितरण सम्बन्धी अत्यन्त जरूरी सूचना**

नेपालमा रसायनिक मल (डिएपी र युरिया) आवश्यकता भन्दा धेरै न्यून आपूर्ति भई रहेको सन्दर्भमा मधेश प्रदेश समेत असहज अवस्थाबाट वञ्चित रहने अवस्था रहदैन। न्यून आपूर्तिको विद्यमान अवस्था, अवस्थाको अनुचित लाभ लिनको लागि अनुदानमा प्राप्त रासायनिक मलको बिक्री वितरणमा कालोबजारी हुने गरेको जनगुनासो व्यक्तिगत स्तरमा र विभिन्न सञ्चार माध्यमहरू मार्फत समेत यस मन्त्रालयलाई हुन आएको जानकारी प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकार्षण भएको छ। यस्तो कुकृत्य कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२" तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम दण्डनीय अपराध हो । त्यस कारण, श्री भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशले सम्बन्धित सबै डीलर, बिक्रेता तथा अन्य सरोकारवालाहरूलाई बिक्री वितरण सम्बन्धी निर्देशिका अनुसार बिक्री वितरण गर्न गराउन तथा पेशागत आचरणको अनुशरण गर्दै आपराधिक कृयाकलाप नगर्न नगराउन सचेत गराउन चाहन्छ। यसको साथै कृषक वर्गलाई आफ्नो स्थानिय परिवेशमा रहेको मलको आधिकारिक बिक्रेता मार्फत मात्र अनुदानको मल खरीद गर्नु हुन र कही कतै कालोबजारी भएको देखिएमा वा जनाकारी हुन आएमा सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र वा कृषि विकास निर्देशनालय, मधेश प्रदेश वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा खबर गरी दिनु हुन पनि यो मन्त्रालय अनुरोध गर्दछ।

रासायनिक मल सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कृषि विकास निर्देशनालय वा यस भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको फोन नं. ०४१-४२६१०५ वा ईमेलः info.molmac@madhesh.gov.np मा सम्पर्क गर्नुहुन पनि अनुरोध छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# भ्रष्टाचार उन्मुख सरकार

मधेश प्रदेशको दुई अत्यन्त महत्वपूर्ण महोत्सव मध्ये सीताराम विवाह महोत्सव सम्पन्न भएको छ। जानकी मन्दिरले परम्परागत धार्मिक, सांस्कृतिक विधि प्रक्रिया अनुसार वैवाहिक महोत्सव सम्पन्न गरेको छ । वैवाहिक महोत्सवमा १५ लाखभन्दा बढी मानिसको सहभागिता भएको अनुमान गरिएको छ। सफलतापूर्वक विवाह महोत्सवलाई सम्पन्न गर्न जनकपुरधाम उपमहानगरपालिका, विभिन्न संघसंस्थाहरुले सहयोग गरे । सीताराम विवाह महोत्सवमा नेपाल र भारतका विभिन्न श्रद्धालुहरुले पनि अनेक प्रकारको सहयोग गर्छन् । तर ती सबै सहयोग धार्मिक, सांस्कृतिक पक्षमा केन्द्रित रहने गरेको छ । मेलामा बढी श्रद्धालुहरु जुटाउने र उनीहरुबाट व्यवसायिक कारोबार गर्ने निकायहरुको भूमिका अत्यन्त कमजोर देखिन्छ । जानकी मन्दिरले परम्परा निर्वाह गर्दै भगवान सीतारामको विवाह भएको संस्मरणमा सात दिन सम्म कार्यक्रम गर्छन् । नेपाल र भारत लगायतका देशबाट भारी संख्यामा हिन्दू धर्मावलम्बीहरु वैवाहिक कार्यक्रममा सहभागी हुन नै आउँछन् । धार्मिक आस्था भएकाहरुको सहभागिताले महोत्सवमा भीड बढाए पनि व्यवसायिक कारोबार अपेक्षाकृत हुन सक्दैन। व्यवसायिक रुपमा मेलालाई लाभदायी बनाउन सक्नु पर्छ । सीताराम विवाह महोत्सव जस्तै पाँच वर्षमा लाग्ने गढीमाई मेला भर्नपनि कयौँ लाख मानिस आउने गरेका छन्। एक महिनासम्म चल्ने सो मेलाको सर्वाधिक महत्वपूर्ण पक्ष बली प्रदान हो । पहिलो दिन राँगा र दोस्रो दिन बोका, पशुपंक्षी बली प्रदान गरिन्छ । संसारमै सर्वाधिक बली प्रदान गर्ने देवी मन्दिरहरु मध्येको पहिलो गढीमाई मन्दिर रहेको छ। मेलालाई व्यवस्थित र लाभदायी बनाउन गढीमाई नगरपालिकाले भरमग्दुर प्रयास गरेको छ । मेला भर्न आउने श्रद्धालुहरुको सेवा सुविधालाई विशेष ध्यान दिइएको छ । मेलामा संघीय सरकारका उपप्रधान लगायत कयौँ मन्त्रीहरु गढीमाई पुगे। त्यसले मेलाको प्रचार प्रसारलाई बढाएको छ । जनकपुरधाम र गढीमाईको मेला अत्यन्त महत्वपूर्ण आयोजन भए पनि प्रदेश सरकारले सहज रुपमा भ्रष्टाचार गर्ने अपारदर्शी कामहरु गरेको छ। स्वागतद्वार, भोज जस्ता कामहरु गरी आर्थिक अनियमितता तर्फ उन्मुख रहेको देखियो । प्रदेश सरकारले मेलाका श्रद्धालुहरुलाई आवास, भोजन, शौचालय, पिउने पानी तर्फ ध्यान दिएन । जन्तीको सम्मानमा भोजको आयोजन गरी लाखौँको अनियमितता गरिएको छ। स्वागतद्वार त आर्थिक अनियमितता गर्ने सबैभन्दा सहज कार्य हो । मेला भर्न आउनेहरुले प्रदेश सरकारले सुविधा उपलब्ध गरेको अनुभुति गर्न नसके पनि लाखौँको बजेट खर्च भएको बुझिएको छ । प्रदेश सरकारको भूमिका मेलालाई व्यवस्थित गर्ने, व्यवसायिकरण गर्ने हुनुपर्थ्यो । तर आर्थिक अनियमितता हुने ठाउँमा केन्द्रित देखियो ।

# मध्यपूर्वमा शान्ति कायम होला ?



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

छिहत्तर बर्षअघि इजरायल नामक देशको जन्म भयो । मध्यपूर्वस्थित प्यालेष्टाइनको कब्जामा रहेको सो भूमिका १४ मई १९४८मा यहूदी धर्मालम्बीहरुको सो देश स्थापनाकालदेखि नै एक किसिमले अधिकांस समय युद्धमैं विताउनुपरेको छ । मध्यपूर्वको १९ मुलुकमध्यै सवै मुश्लिम धर्मालम्बीहरु छन् । एकमात्र यहुदीको इजरायल देश स्थापना भएको हो । यो यहूदीको भूमि नरहेको भनेर विगत आठ दसकदेखि मध्यपूर्वको सो क्षेत्रमा अनेकौंपटक युद्ध भएको छ ।

एक बर्षभन्दा बढी समयदेखि प्यालेष्टाइनको हमास लडाकु र इजरायलबीच युद्ध जारी छ । सो युद्धमा इजरायलको छिमेकी मुलुक लेबनानमा रहेका हिज्बुल्लाह लडाकुहरु पनि इजरायलमाथि आक्रमण जारी राखेको थियो । तर, गत, २६ नोभेम्बरमा जो वाइडनको प्रयासपछि हिज्बुल्लाह र इजरायलबीच युद्धविराम भएको छ । सो युद्धविरामको एकसाता वित्नासाथ इजरायलले पुनः हिज्बुल्लाहको पकडरहेको क्षेत्रमा बम बर्षा गरेको हो । लेवनानको सीरियासँग जोडिएको सीमानबाट अवैध रुपमा अस्त्रशस्त्र भित्रिएर हिज्बुल्लाहको भण्डारगृहमा राखेको खवर थाहा पाएपछि इजरायलले आक्रमण गरेको दावी गरेको छ। यदि, प्रत्युत्तरमा हिज्बुल्लाहले जवाफी आक्रमण गर्‍यो भने पुर्णरुपमा युद्धविराम भङ्ग हुनेछ ।

विगतका बर्षहरुमा जसरी इजरायलमाथि अरबका मुश्लिम राष्ट्रहरु मिलेर चौंतर्फी आक्रमण गर्दथ्यो । त्यस्तै, वितेको एक बर्षको अवधिमा हमासका साथै हिज्बुल्लाह र यमन विद्रोहीको आक्रमणको मुकावला गर्नु पर्‍यो । पछिल्लो समयमा इरानले ब्यालेष्टिक मिसाइलबाट इजरायलमाथि हवाई आक्रमण गर्‍यो । दुई हजार किलोमिटर टाढाबाट गरिएको सो आक्रमणमा इजरायलमा सामान्य क्षति भयो । त्यो आक्रमणको २६ औं दिन इजरायलले इरानमाथि लडाकु विमानबाट बम बर्षा गरेर विश्वलाई स्तब्ध पारेको थियो । इरानको आकासमा एकसयभन्दा बढी लडाकु विमानहरु मडारिँदै व्यापक रुपमा बम बर्षा गरेको थियो । अहिले मध्यपूर्वमा शान्ति पुनःस्थापित हुने सम्भावना देखिएको छ । अमेरिकाको राष्ट्रपति जो वाइडेनको प्रयासमा लेवनानको हिज्बुल्लाह लडाकु र इजरायलबीच युद्धविराम भएको छ । तर, युद्ध विराम भएपछि छिटफुट हवाई आक्रमण हुने गरेकाले आउँदो दिनमा युद्धविराम भङ्ग हुने खतरा देखिन थालिएको छ ।

लेबनानको सो हिज्बुल्लाहका लडाकु सङ्गठनलाई राजनीतिका साथै सैन्यशक्ति राख्ने अनुमति छ। सन् १९७५देखि सन् १९९०सम्म त्यहाँ गृहयुद्ध हुँदा व्यापक रुपमा धनजनको क्षति भएको थियो । लेबनान पश्चिमी एशियाको भुमध्यसागरको पूर्वी तटमा अवस्थिति छ। यो पहाडी मुलुक हो । यसको उत्तर र पूर्वमा सीरिया र दक्षिणमा इजरायल पर्छ । भुमध्यसागर र अरबको भित्रि भागको बीचमा सेतुको रुपमा अवस्थित लेवनानको इतिहास समृद्ध छ । फारसी, युनानी, रोमन, अरब र उस्मानी तुर्क समुदायको कब्जामा रहेको सो मुलुक सन् १९४३मा फ्रान्सको उपनिवेशबाट मुक्त भएको थियो । सन् १९७५ देखि १९९० सम्म सो मुलुक जातीय र धार्मिक द्वन्द्वमा फस्यो । हजारौं नागरिकको अनाहकमा मृत्यु भयो । जातीय एवम् धार्मिक सङ्घर्ष समाप्त भएपछि विधिवत रुपमा राजकीय शक्तिको बाँडफाँड भयो । १० हजार ४५२ वर्गकिलोमिटरमा फैलिएको लेबनानमा करिव ४० लाख आवादी छ । सोमध्ये ६० प्रतिशत मुश्लिम छन् । शिया र सुन्नी सम्प्रदायको सङ्ख्या बरावर अवस्थामा छ । ३८ प्रतिशत ईसाई छन् । त्यसआधारमा, गणतान्त्रिक मुलुक लेबनानमा उच्च पदको विभाजन धर्म र सम्प्रदायको आधारमा गरिएको छ । राष्ट्रपतिमा ईसाई, प्रधानमन्त्री पदमा सुन्नी समुदाय, सभामुखमा शिया समुदाय र उपप्रधानमन्त्री पदमा ग्रीक परम्परावादी धर्मको लागि आरक्षित गरिएको छ । ति पदहरुमा आ-आफ्ना धार्मिक समुदायभित्र आन्तरिक प्रतिस्पर्धा हुन्छ ।

लेवनान मध्यपूर्वकै सवैभन्दा बढी साक्षरता भएको मुलुक हो। सो मुलुकका अधिकांस वासिन्दा परम्परागत पेशाको रुपमा व्यापारलाई प्रमुखता दिने गर्छन् । प्रतिव्यक्ति आय ६ हजार १८० डालर छ । सवैभन्दा बढी बोल्ने संवैधानिक भाषा अरबी हो ।

लेबनानको इतिहास अनुमानतः ईसापूर्व २५०० इस्वी तिर फीनिक संस्कृतिबाट शुरु हुन्छ, जो सामुद्रिक शक्ति थिए । यसले भुमध्यसागरमा स्पेन र अफ्रीकको तटमा आफ्नो उपनिवेश बनाएका थिए । जसको आधुनिक लीबियाका कार्थेज सवैभन्दा बढी प्रसिद्ध छ । सो ठाउँमा फीनिसियन व्यापारका साथै घर बनाएर बस्न थाल्यो । यिनीहरुले २४ अक्षरको बर्षमाला बनाएका थिए जो आधुनिक कालमा एशिया र युरोपको कतिपय बर्णमालाको पूर्वज मानिन्छ । जसमा रोमन, ग्रीक, अरबी, हिब्रू र आरामाईक समावेश छ ।

> इजरायल र हिज्बुल्लाहबीच युद्धविरामको सन्दर्भमा कतिपय विश्लेषकले ईरान इजरायलसँग टकराउन नचाहेको देखिन्छ । शुरु शुरुमा हिज्बुल्लाहमार्फत इजरायलमाथि आक्रमण गरी कमजोर बनाउने । त्यसपछि, आक्रमणगर्ने सोच बनाएको अनुमान गरिन्छ । तर, एक बर्षको अवधिमा हजारौं रकेट प्रहार गरेपनि इजरायललाई खासै क्षति गर्न नसकेको देखेपछि अन्ततः युद्धविरामको लागि बाध्य भएको बुझिन्छ ।

ईसाको ५३९ बर्ष अघि दक्षिणी ईरानको फार्स प्रान्तको एक साम्राज्यको राजकुमार कुरोश (सायसस)ले असीरिया साम्राज्यलाई परास्त गरेपछि एक राज्यको स्थापना गर्‍यो । उनीहरुको शासन २०० बर्षसम्म कायम रह्यो । पश्चिममा मेसोडोनियाका शक्तिशाली राजा सिकन्दरले इसापूर्व ३३१मा सो राज्यमाथि आधिपत्य कायम गर्‍यो । सिकन्दरको मृत्युपछि सो क्षेत्र सेल्युकसको प्रदेशको रुपमा समाहित भयो । रोमनहरुले ईसाको २४ बर्षअघि युनानीहरुलाई पराजित गरेपछि ६०० बर्ष सम्म जारी रोमनको शासनकालको अन्त्य भयो । सो अवधिमा ईसाई धर्मको प्रभाव बढ्दै गयो ।

### मुश्लिम शासन

सातौं शताब्दीको अन्तातिर अरबका मुलुकहरुले सो क्षेत्रमाथि आधिपत्य जमाउन खोज्यो । मध्यकालमा लेबनान क्रुसेड युद्धमा लामो समयसम्म सरिक रह्यो । सलाउद्दीन अय्यूबीले लेबनानलाई ईसाईबाट मुक्त गराए । मिश्र हालको इजिप्टको मामलुक शासकले लेबनानमाथि कब्जा गर्‍यो । उस्मानी तुर्कीले जव १६ औं शताब्दीमा भूमध्यसागरको पूर्वी तटमाथि कब्जा गर्‍यो । त्यसपछि, लेबनानपनि सिसली भन्ने ठाउँदेखि कैस्पियन सागरसम्म फैलिएको विशाल ओटोमन साम्राज्यमा समाहित भयो । सन् १९१४को प्रथम विश्वयुद्धमा अटोमन साम्राज्य जर्मनीको पक्षबाट युद्धमा सहभागी भएको थियो । सो युद्धमा जर्मनको भारी पराजयपछि आटोमन साम्राज्यको विघटन भयो । त्यसपछि, लेबनानमाथि फ्रान्सको कब्जा भयो । यसो हेर्दा, लेबनान मध्यपूर्वमा सवैभन्दा जटिल परिस्थितिको सामना गरेको र आन्तरिक रुपमा विभाजनको मारमा परेको मुलुक हो । इजरायलको निर्माणको समयमा जुन विवाद सृजना भएको थियो । त्यसमा कुनै न कुनै रुपमा लेबनान पनि सामेल थियो ।

### हिज्बुल्लाहको इतिहास

हिज्बुल्लाह इरानबाट समर्थन पाएको लेवनानस्थित शिया इस्लामिक राजनीतिक पार्टीका साथै एक अर्धसैनिक समूह हो । यसलाई सन १९९२देखि नसरल्लाहले नेतृत्व गर्दै आएको थियो । केही दिनअघि इजरायलको आक्रमणमा परेर उनको मृत्यु भयो ।

सन् १९८०को दसकमा लेबनानमाथि इजरायलको आक्रमणपछि ईरानको आर्थिक र सैन्य सहयोगबाट हिज्बुल्लाहको उदय भयो । सन् २०००मा इजरायल लेबनानको भुभागबाट फिर्ता भएपछि हिज्बुल्लाहलाई निरस्त्रको लागि दवाव बनाउने प्रयास भएपनि उनीहरुले आफ्नो सैनिक सङ्गठन 'इस्लामिक रेसिस्टन्स'लाई सुदृढ पार्ने कार्य जारी राख्यो । रेसिस्टन्स ब्लक नामक पार्टीप्रति बफादार हिज्बुल्लाह विस्तारै लेबनानको राजनीतिक प्रणालीभित्र एउटा महत्वपूर्ण शक्ति बन्न पुग्यो र मन्त्रिपरिषदभित्र विशेषाधिकार प्रयोगगर्ने शक्ति प्राप्त गर्‍यो । अमेरिका र इजरायलमाथि बम प्रहार गर्ने गरेकाले पश्चिमी देशका साथै इजरायल, खाँडीका अरब मुलुक र अरब लीगले हिज्बुल्लाहलाई "आतङ्कवादी" सङ्गठन घोषित गरेका छन् ।

इरान शिया बाहुल्य देश भएकाले इरानसँग उनीहरुको प्रगाढ सम्बन्ध छ । अरबका मुलुकहरुमा सुन्नी समुदायको बाहुल्यता रहेकाले साउदी अरबलगायतसँग सम्बन्ध राम्रो छैन् । लडाईगर्ने शिया नेताहरु 'अमाल' आन्दोलनबाट अलग्गिएपछि लडाकुहरु पुनः सङ्गठित भए । नयाँ सङ्गठन इस्लामिक अमालले इरानको रिभलुशनरी गार्डसको तर्फबाट उल्लेख्य सैनिक र साङ्गठनीक सहयोग पायो । सोही सङ्गठन शियाको प्रभावशाली एवम् सशक्त समूह हिज्बुल्लाहको रुपमा गठन भयो ।

सो बेलामा हिज्बुल्लाहले अमेरिका र सोभियत सङ्घलाई इस्लामको प्रधानशत्रु घोषणा गर्‍यो । मुश्लिम भुभाग कब्जा गरेको भनेर इजरायललाई निमिटयान्न पार्ने पत्रकार सम्मेलन गरी घोषणा गरेको थियो । सन् १९८९को ताइफ सम्झौतासँगै लेवनानमा गृहयुद्धको अन्त्य भयो । तर, सन् १९९०मा लेबनानमा शान्ति कायम भएपनि दक्षिणी लेबनानमा गुरिल्ला युद्ध जारी राख्यो । राजनीतिमा पनि सक्रिय भूमिका खेल्दै सन् १९९२मा राष्ट्रिय चुनावमा पहिलोपल्ट नै सफलता प्राप्त गर्‍यो । सन् २०००मा इजरायली सेना फिर्ता गराउनमा हिज्बुल्लाहको महत्वपूर्ण भूमिका रहेको थियो ।

सन् २००६मा हिज्बुल्लाहले सीमापार हमला गरी आठजना इजरायली सैनिकको हत्या गर्‍यो । त्यसपछि, इजरायलले व्यापक रुपमा लगातार हमला गर्‍यो । इजरायलले हिज्बुल्लाहको बलियो पकडरहेको दक्षिणी लेबनाम र बेरुतको दक्षिणको बाहिरी भागमा बम आक्रमण गर्‍यो । ३४ दिनसम्म चलेको युद्धमा लेबनानको एक हजार १२५ जना र इजरायलको ११९ सैनिक र ४५ जना सर्वसाधारण मारिएका थिए ।

हिज्बुल्लाह लेबनानको एक शिया इस्लामिक पार्टी र उनको लडाकु सङ्गठन पनि हो । यो सङ्गठनको मुख्य उद्देश्य इजरायलमाथि आक्रमण गर्नु र दोश्रो उद्देश्यअन्तर्गत शिया समुदायको सुरक्षाका लागि आफूलाई समर्पित गर्नुनै हो । सन् १९८२मा लेबनानमाथि इजरायलको आक्रमणपछि मुश्लिम धर्मगुरुहरुले एउटा लडाकु सङ्गठन बनाउने निर्णय गरेको थियो । यसलाई आर्थिक सहयोग इरान गर्दै आइरहेका छन् । इरानले सेन्य तालिमका साथै आवश्यक हतियारसमेत उपल्ब्ध गराउँदै आइरहेका छन् । लडाकु सङ्गठनले कुनै समुदाय वा देशमाथि आक्रमण गर्‍यो भने त्यो सङ्गठन नै जिम्मेवार हुने भनेर पन्छिन सकिन्छ । हिज्बुल्लाहजस्तै फिलिस्तीनको हमासपनि हो । जसले इजरायलमाथि आक्रमणको शुभारम्भ गरेको थियो । त्यो अहिलेसम्म जारी छ ।

७ अक्टुबर २०२३मा हमासका लडाकुले इजरायलमाथि आक्रमण गरेलगत्तै इजरायलले कसैको परवाह नगरी युद्धको घोषणा गर्‍यो । हमासले अहिलेपनि एकसयभन्दा बढी इजरायली नागरिकलाई बन्दी बनाएर राखेको छ । इजरायलीको नागरिक बन्दी अवस्थामा रहन्छ । तवसम्म इजरायलले घातक आक्रमण नगर्ने उनीहरुको सोचाई थियो । इजरायलीहरुले सो अपहरणमा परेको नागरिकको रिहाइलाई कुनै प्राथमिकता नदिँई हमासमाथि भीषण आक्रमण जारी राखे ।

हिज्बुल्लाहको सैनिकले उपयोगमा ल्याएका पेजर गत १७ सेप्टेम्बरमा अप्रत्यासित रुपमा पड्किन थालेको थियो । विश्व नै आश्चर्यचकित भयो । पेजरको विष्फोटले हिज्बुललाहको आत्मविश्वासमाथि धेरै ठूलो धक्का लाग्यो । उनको नेटवर्क नै ध्वस्त भयो । इजरायलका जासुस आफ्नो सङ्गठनभित्र पहुँच बनाएको भनेर सशङकित छन् । हिज्बुल्लाहको आत्मविश्वास डगमगाएपछि इजरायलसँग युद्धविरामको लागि सम्झौता गरेको देखिन्छ । इजरायलको आक्रमणमा परेर हिज्बुल्लाहको लडाकुसहित तीन हजार पाँचसय उनको सैनिक र सर्वसाधारणको मृत्यु भएको छ । दसलाख मानिस सुरक्षित स्थानका लागि घर छोडेर पलायन भएका थिए ।

इजरायल र हिज्बुल्लाहबीच एक बर्षभन्दा बढी समयदेखि युद्ध चलिरहेको थियो । हालै २६ नोवेम्बरमा हिज्बुल्लाहसँग युद्धविरामको सहमतिपछि इजरायलको प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले अव, हमास एक्लै परेको प्रतिक्रिया दिएको थिए ।

इजरायल र हिज्बुल्लाहबीच युद्धविरामको सन्दर्भमा कतिपय विश्लेषकले ईरान इजरायलसँग टकराउन नचाहेको देखिन्छ। शुरु शुरुमा हिज्बुल्लाहमार्फत इजरायलमाथि आक्रमण गरी कमजोर बनाउने । त्यसपछि, आक्रमणगर्ने सोच बनाएको अनुमान गरिन्छ। तर, एक बर्षको अवधिमा हजारौं रकेट प्रहार गरेपनि इजरायललाई खासै क्षति गर्न नसकेको देखेपछि अन्ततः युद्धविरामको लागि बाध्य भएको बुझिन्छ। 'इतिश्री'

# 'चुलोचौकाबाट नागरिक वैज्ञानिकसम्म'

कृष्ण अधिकारी

टेलिभिजन च्यानलले समाचारको अन्त्यमा दिने मौसमसम्बन्धी जानकारीमा जिरीमा आज यति मिलिमिटर पानी पर्‍यो वा मौसम सफा रहनेछ भनेको सुन्दा जिल्लाभरि नै त्यति नै परिमाणमा पानी परेको वा मौसम सफा रहेको होला भन्ने यदुनाथ न्यौपानेलाई लाग्थ्यो । जब उहाँ आफैँले मौसमको पूर्वानुमान गर्नसक्ने हुनुभयो, जिरीको मौसम र जिल्लाको अन्य भागको मौसमको अवस्था एकैनास हुने रहेनछ, ठाउँअनुसार फरक हुने रहेछ भन्ने ज्ञान भयो, अब उहाँ हरेक दिन आफू वरपरको मौसमको पूर्वानुमान गर्नसक्ने हुनुभएको छ ।

मौसम पूर्वानुमानमा स्थानीय व्यक्तिहरुको क्षमता अभिवृद्धि गराउने र स्थानीयस्तरमै नागरिक वैज्ञानिक तयार गर्ने उद्देश्यले छ महिनाअघि भीमेश्वर नगरपालिकामा सञ्चालन गरिएको तालिम र सामान्य प्रविधिको माध्यमबाट उहाँमा यो क्षमता विकास भएको हो । उहाँ भन्नुहुन्छ, ''अब कति पानी पर्दा कस्तो क्षति हुनसक्छ, बाढी, पहिरोजस्ता विपद्‌बाट कसरी समुदायलाई सुरक्षित राख्न र विकास निर्माणका कामहरु गर्दा जोखिम न्यूनीकरण गर्न सकिन्छ भन्ने जानकारी पनि भएको छ ।''

एशियाली पूर्व तयारी केन्द्र (एडिपिसी) को सहयोगमा भीमेश्वर नगरपालिका, इन्टिच्युट अफ हिमालयन रिक्स रिडक्सन (आइएचआरआर) र स्मार्टफोन फर वाटर नेपाल (एस४डब्लु) को संयुक्त पहलमा सञ्चालन गरिएको भिक्ट्री नामक परियोजनामार्फत यदुनाथसहित नगरपालिकाका नौवटै वडाका पाँच/पाँचजना सर्वसाधारणलाई प्रशिक्षित गरी साधारण उपकरणमार्फत मौसम पूर्वानुमान गरिएको थियो । नागरिक वैज्ञानिकहरुको सूचनाकै आधारमा पहिरोको जोखिममा रहेको घरलाई स्थानान्तरण गर्ने, पहिरोमा सडक भासिनसक्ने अवस्थामा विद्यालय बन्द गराउनेजस्ता कार्यहरु हुँदा जिल्लाकै अति जोखिम मानिएको यस नगरपालिकामा ठूलो जनधनको क्षति हुन पाएन ।

विषयत गहन अध्ययन गरी विशेषज्ञता हासिल गरेका व्यक्तिलाई वैज्ञानिक भन्ने बुझ्नुभएकी वडा नं १ की निशा थामीलाई कुनै दिन आफू पनि नागरिक वैज्ञानिक बन्न सकिन्छ भन्ने लागेको थिएन । घरको चुलोचौका र मेलापातमै सीमित रहेका महिलाहरुले मौसमको पूर्वानुमान गर्न सक्छन् भन्ने कुरामा गाउँका कसैले पनि विश्वास गर्ने कुरै थिएन । उहाँ भन्नुहुन्छ, ''शुरुमा त यस्ता पनि वैज्ञानिक रे भनेर हामीलाई हस्सीबजाकमा उडाइएको थियो ।'' साधारण लेखपढ मात्र गर्न सक्ने उहाँ आज सामान्य प्रविधिकै भरमा मौसमको पूर्वानुमान गर्न सक्ने भएको देख्दा समाजमा अलग्गै पहिचान बनेको छ । त्यतिमात्र होइन, अब गाउँलेहरु मौसमको आधारमा कुन दिन खेतीपाती गर्ने, खेती थन्काउने, टाढाको यात्रा गर्नेजस्ता जानकारी लिन उहाँ कहाँ आउने गर्छन् ।

उहाँ सामान्य भिक्ट्री परियोजनामार्फत प्रयोगमा नआएको कोकाकोला २.२५ लिटरको बोतललाई वर्षा मापनका लागि गेजको रुपमा प्रयोग गरी हरेक दिन बिहान ८:४५ बजे नागरिक वैज्ञानिकले मोबाइल प्रविधि प्रयोग गर्दै फोटोसहितको फारम भरेर डाटा सम्प्रेषण गर्ने गर्नुहुन्छ । उहाँले पठाएका डाटा नगरपालिका र मोबाइल एपमा समेत हेर्न सकिनेछ भने त्यसको आधारमा मौसमको विवरण थाहा हुने गर्दछ । खुल्ला आकाशमुनि राखिने बोतलको भूई सतहलाई समान बनाउन सिमेन्ट ढलानको प्रयोग गरिएको हुन्छ भने त्यसमा परेको पानी वास्पीकरण नहोस् भन्नका लागि ढक्कनको समेत व्यवस्था गरिएको हुन्छ । नागरिक वैज्ञानिकले सूचना सङ्कलनका लागि मोबाइल प्रविधि प्रयोग गरी मोबाइल एप्लिकेसनमार्फत आफू नजिकै देखापरेको बाढी, पहिरोको घटनालाई समेत फोटो र भौगोलिक अवस्थिति (जीपीएस) राख्दै सम्प्रेषण गर्ने गर्दछन् । मोबाइल प्रविधिमा सूचना सङ्कलन गरिएको वास्तविक मिति, समय र स्थानको पनि अभिलेख रहने भएकाले सम्प्रेषित भएको डाटा भरपर्दो मानिन्छ ।

अर्की नागरिक वैज्ञानिक कमला ओलीले आफू रहेको स्थान वरिपरि हुने वर्षाको मात्रा मात्र नभई खोलानालाका पानीको स्तर, बहाव गति र भूमिगत पानीको मात्रालगायतका तथ्यहरू नियमित मापन गरी मोबाइल फोनमा उपलब्ध प्रविधिको प्रयोग गरी विपद् व्यवस्थापन गर्न सकिने आत्मविश्वास बढेको बताउनुहुन्छ । स्थानीय जनप्रतिनिधिसमेत रहनुभएकी उहाँ भन्नुहुन्छ, ''विपद्‌बाट जनताको जीउधन र राज्यका भौतिक सम्पत्तिको सुरक्षा गर्ने कार्यमा सहभागी हुन पाउँदा खुशी लागेको बताउँदै यस कार्यक्रमलाई पालिकाले निरन्तरता दिनुपर्ने छ ।''

यस परियोजनाले सामान्य नागरिकलाई समेत वैज्ञानिक योगदान गर्न उत्प्रेरित गरेको छ । नागरिक वैज्ञानिकहरुले सम्प्रेषण गरेका मौसमी सूचनाका आधारमा पूर्वतयारी गर्दा यसपटकको मनुसन अवधिमा जिल्लामा ठूलो जनधनको क्षति हुन पाएन । आमनागरिकले आफ्नो बौद्धिक प्रयास, क्षमता, आफ्नो वरिपरिको वातावरणको सुक्ष्म अवलोकन र त्यसको अनुभव तथा आफूसँग भएका सीमित स्रोत-साधनको प्रयोगले वैज्ञानिक खोज तथा अनुसन्धानमा अतुलनीय योगदान पुर्‍याएका छन् । हाल यो कार्यक्रम बर्दियाको बारबर्दिया नगरपालिकामा पनि ४५ जना नागरिक वैज्ञानिकमार्फत बाढी मापनमा मौसमी पूर्वानुमानको कार्य भइरहेको छ ।

विश्वभर नै सरल, सस्तो एवं प्रभावकारी विधिका रुपमा नागरिक विज्ञानको प्रयोग भरहेको देख्न सकिन्छ । आम नागरिकको संलग्नतामा गरिने वैज्ञानिक खोज तथा अनुसन्धान कार्यलाई 'नागरिक विज्ञान' र यस्तो काममा संलग्न नागरिकलाई 'नागरिक वैज्ञानिक' भन्ने गरिन्छ । जलवायु परिवर्तनका कारण विश्वभर नै तापमान वृद्धि, भारी वर्षा, भूमिगत पानीको बहाव ढाँचामा परिवर्तनलगायतका विभिन्न परिवर्तनहरु देखिन थालेको र यसले अनेक विपद्‌हरु पनि निम्त्याएको अवस्थामा बाढी, पहिरोजस्ता प्राकृतिक विपद्‌बाट सुरक्षित रहन स्थानीयस्तरमै प्रभावमा आधारित मौसम पूर्वानुमान गर्नसक्ने नागरिक वैज्ञानिक अभियानलाई कार्यान्वयनमा ल्याइएको आइएचआरआरका कार्यकारी निर्देशक सुरज गौतम बताउनुहुन्छ । बिहान चिया पसलहरुमा हुने राजनीतिक गफको सट्टा मौसम पूर्वानुमानका विषयमा हुने कुराकानीले जीउधनको सुरक्षा गर्न सकिने उहाँको तर्क छ ।

नागरिक वैज्ञानिकहरूद्वारा सम्प्रेषित सूचनाका कारण यसपटकको मनसुनमा विपदबाट समयमै सुरक्षित रहन, पहिरोमा परेकाको उद्धार गर्न सहज भएको नगरपालिकाले जनाएको छ । पहिरोको उच्च जोखिममा रहेको पालिकालाई विपद् व्यवस्थापनयुक्त बनाउन नागरिक वैज्ञानिक अभियान निकै प्रभावकारी देखिएकाले यसलाई निरन्तरता दिँदै छिमेकी पालिकाहरुमा पनि विस्तार गर्नुपर्ने नगरपालिकाका वरिष्ठ इन्जिनीयर सुरेश राउतले बताउनुभयो ।

विपत्का घटनाको सूचना र वर्षामापनका लागि प्रविधिमा प्रशिक्षण गराएको विपत पूर्वतयारी थाल्न नगरपालिकाले नागरिक वैज्ञानिकलाई मोबाइल एपमार्फत सूचना सङ्कलन र हरेक दिन वर्षामापन गर्ने प्रविधि दिइएको छ भने उनीहरुले हरेक दिन बिहान एपबाट गाउँको अवस्था, वर्षा मापन, पहिरोको जोखिम भएको क्षेत्रको तस्बिरसहितको सूचना नगरपालिकामा अपडेट गराउने गरेका छन् । साधारण प्रविधि र तालिम प्रदान गरी स्थानीयस्तरमै नागरिक वैज्ञानिक तयार गर्दा विपद्‌बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न सकिने भीमेश्वर नगरपालिकाबाट प्राप्त अनुभवका आधारमा यसवर्ष मनाङ र लमजुङका दुई पालिकामा पनि नागरिक वैज्ञानिक कार्यक्रम सञ्चालन गरिएको गौतमले जानकारी दिनुभयो ।

एस४डब्लुका डा सन्जीव न्यौपानेले स्थानीयस्तरबाटै प्राप्त मौसमी सूचनाका आधारमा मौसम पूर्वानुमान गरिने हुँदा यसलाई अझ भरपर्दो र व्यवस्थित गराउन सकिएमा प्राकृतिक विपद्‌बाट हुने क्षति न्यूनीकरण गर्न सकिने बताउनुभयो । विपद् व्यवस्थापनमा नागरिक वैज्ञानिक कार्यक्रमको निकै प्रभावकारी रहेकाले यस्ता सफल अभ्यासहरुलाई सबै पालिकाहरुमा विस्तार गर्नुपर्नेमा जोड दिनुभयो ।

मनसुनको समयमा हुने भारी वर्षाले वर्षेनी पहाडी भेगमा पहिरोको प्रकोप हुने गरेको छ भने नदीको बहाव बढाउँदै उत्तरी हिमाल र शिवालेक क्षेत्रबाट माटो र गेग्रान बगाउँदै बाढी, पहिरोको विपद् निम्त्याउने गरेको छ । यस्ता प्रकोपहरुको निगरानीका लागि पर्याप्त मात्रामा वर्षामापत केन्द्रहरुको आवश्यकता पर्दछ । नेपालको भूवनोट र सूक्ष्म जलवायुका कारण हाल सञ्चालनमा आएका केन्द्रहरु पर्याप्त छैनन् । नगरपालिकाभित्रका विभिन्न वडामा वर्षाको भिन्नताको विश्लेषण गर्दै सो वर्षाको कारण निम्तिएका घटनाहरुको अभिलेख राख्न पनि मद्दत पुगेको छ । त्यसैगरी मौसमविद्‌हरुले प्राप्त तथ्याङ्कहरुको आधारमा विश्लेषण गरी मौसमको समग्र अध्ययन गर्न सक्नेछन् । नागरिक र विज्ञानलाई संयोजन गरिएको यस परियोजनाको कार्यान्वयनबाट जोखिम सुसूचित समाज निर्माणमा सहयोग पुग्ने देखिन्छ ।

# राष्ट्रिय सहमतिमा शान्तिप्रक्रिया टुङ्ग्याइने




काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्तिप्रक्रिया पूरा गर्न राष्ट्रिय सहमति आवश्यक भएकाले सहमतिमा नै त्यसलाई निष्कर्षमा पुर्याइने बताउनुभएको छ।

एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन र नेपाल शिक्षक समाजबीच एकता घोषणा सभा तथा प्रथम राष्ट्रिय परिषद् बैठकमा उहाँले अन्तिम चरणमा पुगेको शान्तिप्रक्रियालाई टुङ्ग्याउन राष्ट्रिय एकता र सहमति अपरिहार्य भएको बताउनुभयो। अध्यक्ष दाहालले अन्तिम चरणमा पुगेको शान्ति प्रक्रियालाई राष्ट्रिय समहतिबाटै टुंगोमा पुर्याउनुपर्छ", उहाँले भन्नुभयो। एकता प्रक्रियामा जोडिएका शिक्षकलाई स्वागत गर्दै उहाँले यसले बृहत् एकताको बाटो फराकिलो बनाउने बताउनुभयो।

आफू प्रधानमन्त्री भएका बेला विद्यालय शिक्षा विधेयक संसद्मा दर्ता भएको जानकारी दिँदै उहाँले यसलाई पारित गराउन फेरि एकपटक सबैले बल गर्नुपर्नेमा जोड दिनुभयो। "विधेयक अझै पूर्ण नभएको भनी शिक्षक आन्दोलन भइहेको छ, शिक्षकका माग समेटेर संशोधित विधेयक संसद्को आउँदो अधिवेशनबाट पारित गर्नुपर्छ", उहाँले भन्नुभयो। यो विधेयक पारित गराउन आफूले हरसम्भव प्रयत्नज गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

**एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन र शिक्षक समाजबीच एकता**

सो अवसरमा माओवादी केन्द्रको विचारसँग सहमत भएका शिक्षकहरुको सङ्गठन एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन र नेपाल समाजवादी पार्टी निकट शिक्षक समाजबीच एकता घोषणा गरिएको छ। समाजका सबै तहका कमिटी सङ्गठनमा समाहित भएका छन्।

सङ्गठनका अध्यक्ष शङ्कर अधिकारी र समाजका अध्यक्ष ठाकुरनाथ गौतमले एकता घोषणा गर्नुभयो। सो क्रममा दुवै सङ्गठनका केन्द्रदेखि स्थानीय तहसम्मका सबै कमिटीबीच एकता भएको घोषणा गरिएको थियो।सङ्गठनका अध्यक्ष अधिकारीले शिक्षका अधिकारका निम्ति एकता आवश्यक भएको बताउनुभयो। समाजका अध्यक्ष गौतमले शैक्षिक आन्दोलनलाई अघि बढाउन एकताबद्ध पहलको खाँचो औँल्याउनुभयो।रासस

# संघ र प्रदेश सरकारप्रति स्थानीय तहका जनप्रतिनिधिको गुनासो

**गाउँपालिका महासंघ, गण्डकीका अध्यक्ष एवं कास्कीको रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले स्थानीय तहलाई दिइने ससर्त अनुदान घटाउन र समानीकरण अनुदान बढाउन आग्रह गर्नुभयो। उहाँले वित आयोगले निदृष्ट गरेबमोजिम संघ र प्रदेश सरकारले स्थानीय तहलाई समानीकरणतर्फको अनुदान वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो।**




गण्डकी। अधिकार र स्रोतसाधनको प्रत्यायोजनमा सङ्घ र प्रदेश सरकार अनुदार देखिएको गुनासो स्थानीय तहका जनप्रतिनिधिले गरेका छन्। प्रदेश नीति तथा योजना आयोगद्वारा शुक्रबार पोखरामा आयोजित प्रदेश विकास समस्या समाधान समितिको बैठकमा उनीहरूले संविधानको व्यवस्था र सङ्घीयताको मर्मअनुरूप तीनै तहका सरकारहरूबीचको सहकार्य र सहअस्तित्वमा जोड दिएका हुन्।

गाउँपालिका महासङ्घ, गण्डकीका अध्यक्ष एवं कास्कीको रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले स्थानीय तहलाई दिइने ससर्त अनुदान घटाउन र समानीकरण अनुदान बढाउन आग्रह गर्नुभयो। उहाँले वित्त आयोगले निदृष्ट गरेबमोजिम सङ्घ र प्रदेश सरकारले स्थानीय तहलाई समानीकरणतर्फको अनुदान वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो। अध्यक्ष ओझाले जग्गा प्राप्तिसम्बन्धी कानुनी जटिलताका कारण गण्डकी प्रदेशभित्र २७ वडा कार्यालयका लागि जग्गा प्राप्तिको प्रक्रिया रोकिएको बताउनुभयो।

"व्यक्तिको जग्गा लिन पनि सङ्घ सरकारको मन्त्रिपरिषद्को निर्णय चाहिने र जग्गाको मापदण्डसम्बन्धी प्रावधान पनि सहज नभएका कारण जग्गा लिने प्रक्रिया नै झन्झटिलो बनेको छ", उहाँल भन्नुभयो। अध्यक्ष ओझाले योगदानमा आधारित सामाजिक सुरक्षा कोषको दायित्व स्थानीय तहले मात्र बहन गर्न नसक्ने भन्दै कानुनले निदृष्ट गरेबमोजिम तीन तहका सरकारले उक्त कोषमा साझेदारी गर्नुपर्ने बताउनुभयो। उहाँले प्रदेश सरकारले टुक्रे योजना अन्त्य गर्ने जनाए पनि चालु आवमा त्यस्ता योजनाले निरन्तरता पाएको बताउनुभयो।

"प्रदेश समस्या समाधान समितिको बैठकले नै रु ३० टुक्रे योजना हटाउने नर्णय गरेको थियो, तर बजेट आउँदा पाँच/दश लाखका योजना पनि समावेश भएर आए", उहाँले भन्नुभयो, "आवश्यकता पहिचान नगरी नेता/कार्यकर्ताको दबाबमा बजेट बाँड्ने प्रवृत्तिलाई प्रदेश सरकारले पनि रोक्न सकेन।"

तनहुँको ब्यास नगरपालिकाका प्रमुख बैकुण्ठनाथ न्यौपानेले स्थानीय तहअन्तर्गत रहेका जिल्ला समन्वय समितिको राजस्व र आम्दानीलाई सङ्घीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने प्रावधान संविधानको भावना विपरीत भएको बताउनुभयो। "जिल्ला समन्वय समितिले सङ्कलन गर्ने राजस्व नगरपालिका र गाउँपालिकाले जस्तै गरी स्थानीय तहभित्रै बाँडफाँड र खर्च गर्न पाउनुपर्छ", उहाँले भन्नुभयो। बागलुङको बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले सङ्घ सरकारले सुरु गरेका दर्जनौँ खानेपानी आयोजना अलपत्र अवस्थामा रहेको भन्दै तिनको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो।

उहाँले योगदानमा आधारित सामाजिक सुरक्षा कोषको दायित्व स्थानीय तहलाई बढी भएको बताउनुभयो। सङ्घ सरकारको विभागीय मन्त्रालयसँग सम्झौता गरी उक्त कोष सञ्चालनमा ल्याइएको उल्लेख गर्दै कानुनले निदृष्ट गरेबमोजिम तीन तहका सरकारको ३३/३३ प्रतिशत दायित्व सुनिश्चित गर्नुपर्ने अध्यक्ष अधिकारीले बताउनुभयो। कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले कतिपय स्थानीय तहले निकासी कर लगाएको गुनासो आएको भन्दै स्थानीय तहले दोहोरो कर लगाउन नमिल्ने बताउनुभयो।

मुख्यमन्त्री एवं समितिका अध्यक्ष सुरेन्द्रराज पाण्डेले बैठकलाई निर्णय कार्यान्वयनका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले प्रदेशबाट राष्ट्रिय समस्या समाधान समितिमा पठाइएका माग र प्रस्ताव कार्यान्वयनमा आउन नसकेकामा दुःखेसो व्यक्त गर्नुभयो। "राष्ट्रिय विकास समस्या समाधान समिति र राष्ट्रिय समन्वय परिषद्को बैठकमा भएका निर्णय पनि कार्यान्वयन भएको देखिँदैन", मुख्यमन्त्री पाण्डेले भन्नुभयो।

मुख्यमन्त्री पाण्डले पुराना जीर्ण आयोजना सम्पन्न गर्ने र आगामी बजेटमा टुक्रे योजनालाई कडाइका साथ रोक्ने बताउनुभयो। स्थानीय तह र प्रदेश सरकार सञ्चालनमा देखिएका कतिपय कानुनी र नीतिगत अफ्ठ्यारालाइ फुकाउँदै लगिने उहाँले उल्लेख गर्नुभयो। मुख्यमन्त्री पाण्डेले यात्रु बोक्ने 'राइड शेयरिङ' कम्पनीलाई वैधानिकता दिइने बताउनुभयो। प्रदेशको सवारी तथा यातायात व्यवस्था नियमावली-२०८० को व्यवस्थाअनुसार 'राइड शेयरिङ'ले कानुनी मान्यता पाउने उहाँको भनाइ छ।

"नियमावली मन्त्रिपरिषद्बाट पास हुने क्रममा छ, यातायात व्यवसायीहरूसँग पनि 'राइड शेयरिङ'लाई कानुनी दायरामा ल्याउने विषयमा विभिन्न चरणमा छलफल भइसकेको छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "यातायात व्यवस्थापनसम्बन्धी अधिकार प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेकाले आवश्यक कानुनी प्रबन्ध गरेर राइड शेयरिङलाई वैधता दिन लागिएको हो।" मुख्यमन्त्री पाण्डेले सर्वोच्च अदालतले पनि कानुनी दायरामा ल्याएर 'राइड शेयरिङ' सञ्चालन गर्न सकिने फैसला गरेको उल्लेख गर्नुभयो।

यसअघि गत असारमा प्रदेश राजधानी पोखरामा अनधिकृत रूपमा 'एप'मार्फत 'राइड शेयरिङ' गरी यात्रु बोक्ने कार्यलाई प्रदेशको यातायात मन्त्रालयले रोक लगाएको थियो। यातायात व्यवसायीले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ विपरीत रातो नम्बर प्लेट भएका सवारीसाधनले यात्रु बोक्न नपाउने भन्दै विरोध जनाउँदै आएका छन्। प्रदेश सरकारले बनाएको नियमावलीमा निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चारपाङ्गे तथा दुईपाङ्गे सवारीसाधनले यात्रु बीमासहित तोकिएको प्रक्रिया पूरा गरेर यात्रु बोक्न पाउने व्यवस्था छ।

मन्त्रिपरिषद्बाट नियमावली पास भएपछि मापदण्ड र कार्यविधि बनेपछि मात्र निजी सवारीसाधन 'राइड शेयरिङ'मा दर्ता हुन पाउनेछन्। समितिको बैठकबाट राष्ट्रिय विकास समस्या समाधान समितिमा विभिन्न १६ वटा प्रस्ताव पठाउने निर्णय भएको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष कृष्णचन्द्र देवकोटाले जानकारी दिनुभयो।

सङ्घ सरकारबाट प्राप्त हुने समानीकरण अनुदानको हिस्सा बढाउने तथा ससर्त अनुदानतर्फ राष्ट्रिय लक्ष्य र प्राथमिकताको क्षेत्र निर्धारण गरी एकमुष्ट बजेट विनियोजन गरी आयोजना छनोट गर्ने अधिकार प्रदेश सरकारलाई प्रदान गर्न सङ्घीय सरकारलाई अनुरोध गर्ने पहिलो प्रस्ताव छ। त्यसैगरी, संविधानबमोजिम प्रदेशको अधिकार क्षेत्रअन्तर्गत पर्ने ट्राफिक जरिवाना र अन्तरप्रदेश 'रुट' इजाजतबापत सङ्कलन गरिएको रकम हालसम्म राष्ट्रिय सञ्चित कोषमा दाखिला हुने गरेकोले सो रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्न माग गरिएको छ।

प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा आयोजना तथा कार्यक्रमको वित्तीय प्रगतिको साथै भौतिक प्रगतिसमेत प्राप्त हुने व्यवस्था मिलाउँदै प्रदेश आयोजना बैंक र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीबीच कार्यात्मक अन्तरआबद्धता कायम गर्नेलगायतका निर्णय गरिएको प्रदेश नीति तथा योजना आयोगले जनाएको छ।रासस

# बिआरआइ सम्झौतामा ऋण लिने भनेर कतै लेखिएको छैन : परराष्ट्रमन्त्री



काठमाण्डु। परराष्ट्रमन्त्री डाआरजु राणा देउवाले नेपाल सरकार र चीनबीच हालै सम्पन्न बेल्ट एन्ड रोड इनिसिएटिभ्स (बिआरआइ) सम्झौतामा ऋण लिने भन्ने विषय कतै उल्लेख नभएको स्पष्ट गर्नुभएको छ। नेपाल सरकार र चीनबीच हालै भएको सो सम्झौताका बारेमा गहिरो अध्ययन नगरी हलुकारूपमा टिकाटिप्पणी भइरहेको उहाँको भनाइ थियो।

इन्टरनेसनल कोर्ट अफ जस्टिस् (आइसिजे) मा जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सुनुवाइमा नेपालका तर्फबाट धारणा राख्न नेदरल्याण्ड्स् प्रस्थान गर्नुअघि आज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उहाँले भन्नुभयो, "हामीले बिआरआइअन्तर्गत सहयोगमा आधारित परियोजनामा हस्ताक्षर गरेका हौँ, ऋण लिने भन्ने कुरा कतै छैन।" सो सम्झौताका बारेमा बुझ्दै नबुझी टिप्पणी गरिएको उहाँको भनाइ थियो। बिआरआइ सम्झौताअनुसारका परियोजनाहरू पनि दुवै देशको सहमतिबाट अघि बढाइने विषय स्पष्टसँग लेखिएकाले नेपालको सहमतिअनुसार नै सो सम्झौता अघि बढ्ने पनि उहाँले स्पष्ट गर्नुभयो।

उहाँले भन्नुभयो "ऋण लिने भन्ने कुरा त लिने पक्षको मञ्जुरी र आग्रहमा हुने हो नि। हामीले लिँदैनौँ, हामीलाई आवश्यक छैन भने दिने पक्षले पनि कहाँ जबर्जस्ती गर्छ त? त्यसैले सरकारले ऋण लिनेगरी सम्झौतामा हस्ताक्षर गर्‍यो भन्नु बचपना मात्र हो।"नेपालले चीनसँग बिआरआइ सम्झौताअन्तर्गत अनुदानमा परियोजनाहरू निर्माण गर्नेगरी हस्ताक्षर गरेको र त्यो पनि सुरक्षा या अन्य कुनै विषयमा नभएर 'ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ्स' अन्तर्गत सहमति गरेको उहाँले जानकारी गराउनुभयो।

> विश्वका धनी तथा विकसित मुलुकहरुले कार्बन उत्सर्जन गर्दा नेपालजस्ता मुलुकलाई परेको असरका साथै यसका कारण नेपालले पाउनुपर्ने क्षतिपूर्तिका विषयमा मन्त्री डा राणाले यही मङ्सिर २४ गते सो अदालतमा कुरा उठाउँदै हुनुहुन्छ।

नेपाल अहिले ऋण लिन सक्ने अवस्थामा छैन भन्ने कुरा आफूले चिनियाँ विदेशमन्त्रीसँग पनि राखेको र उहाँहरू यस विषयमा सहमत भएपछि निकै मेहनत गरेर नेपालले बिआरआइअन्तर्गत नै कोअपरेसन फ्रेमवर्क निर्माण गरी दुवै पक्षको सहमतिअनुसार हस्ताक्षर भएको मन्त्री डा राणाले बताउनुभयो। उहाँले बिआरआइअन्तर्गत नेपालले चीनसँगको व्यापार, हवाई एवं स्थलगत कनेक्टिभिटी, पूर्वाधार निर्माण तथा आर्थिक सहायताजस्ता विषयलाई प्राथमिकतामा राखेको बताउनुभयो।

मन्त्री डा राणा अन्तर्राष्ट्रिय अदालत (आइसिजे) मा जलवायु परिवर्तनका कारण नेपाललाई परेको असर र नेपालले पाउनुपर्ने क्षतिपूर्तिबारे कुरा उठाउन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै आज त्यसतर्फ प्रस्थान गर्नुभएको हो।अन्तर्राष्ट्रिय अदालतमा नेपालले पहिलो पटक नेपालमा जलवायु परिवर्तनको वर्तमान अवस्था र यसका कारण नेपालमा परेको असरका बारेमा आफ्नो अवस्था र धारणा राख्न लागेको हो।

विश्वका धनी तथा विकसित मुलुकहरूले कार्बन उत्सर्जन गर्दा नेपालजस्ता मुलुकलाई परेको असरका साथै यसका कारण नेपालले पाउनुपर्ने क्षतिपूर्तिका विषयमा मन्त्री डा राणाले यही मङ्सिर २४ गते सो अदालतमा कुरा उठाउँदै हुनुहुन्छ। उहाँको प्रतिनिधिमण्डलमा कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटा र परराष्ट्र मन्त्रालयका अधिकारीहरू हुनुहुन्छ।रासस

# बिआरआईबाट देशको हित हुने

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले विश्वव्यापी रूपमा भौतिक पूर्वाधार निर्माण गर्ने बृहत् चिनियाँ परियोजना



बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) मुलुकको हितमा रहेको बताउनुभएको छ।

> चीनको साताव्यापी भ्रमण पूरा गरी शनिबार अपराह्न स्वदेश फर्केपछि उहाँले राष्ट्रको भौतिक विकासका लागि बिआरआईपरियोजना सहयोगी हुने टिप्पणी गर्नुभयो।

चीनको साताव्यापी भ्रमण पूरा गरी शनिबार अपराह्न स्वदेश फर्केपछि उहाँले राष्ट्रको भौतिक विकासका लागि बिआरआई परियोजना सहयोगी हुने टिप्पणी गर्नुभयो। परियोजना कार्यान्वयनमा अब विलम्ब गर्ननहुनेमा उहाँको जोड थियो। चिनियाँ पक्षले पनि परियोजनाबारे नेपालको अवधारणा तथा ढिलाइलाई लिएर आफूसँग जिज्ञासा राखेको जानकारी दिनुभयो।

एक साता लामो चिन भ्रमण सम्पन्न गरी शनिबार स्वदेश फर्किएपछि त्रिभुवन विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै चीनबाट नेपालमा सडक माध्यमबाट सामान ल्याउँदा धेरै कष्ट बेहोर्नुपरेकाले यस विषयमा सरकारले चीनसँग आवश्यक छलफल अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

चाइना इन्स्टिच्युट फर इनोभेसन एण्ड डेभलपमेन्ट स्ट्राटेजी, चाइनिज पिपल्स इन्स्टिच्युट अफ फरेन अफेयर्स र ग्वाङ्झाउ प्रान्तीय जनसरकारको संयुक्त आयोजनामा ग्वाङ्झाउमा आयोजित अन्डरस्ट्यान्डिङ चाइना कन्फरेन्समा सहभागी भएर नेता खनाल स्वदेश फिर्ता हुनुभएको हो।रासस

# रास्वपाले पाँच जिल्लामा भेला आयोजना




काठमाण्डु। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले शनिबार पाँच जिल्लामा भेला आयोजना गरेको छ। पार्टीको सङ्गठन निर्माणका क्रममा रास्वपाले आज कर्णाली, लुम्बिनी, गण्डकी र बागमती प्रदेशका पाँच वटा जिल्लामा भेला आयोजना गर्न लागेको सो पार्टीका कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिनुभयो।

उहाँका अनुसार सल्यान, बाँके, नवलपुर, नुवाकोट र भक्तपुरमा आयोजना भएको जिल्ला भेलामा केन्द्रीय प्रतिनिधिका रुपमा केन्द्रीय नेताहरु समेत सहभागी हुने कार्यक्रम छ। भेलाले पार्टीको संशोधित विधानको साङ्गठनिक संरचनाअनुसार जिल्ला समिति गठन, सङ्गठन निर्माण, यसअघि जिल्ला समिति संरचना रहेको जिल्लामा रिक्त पदहरूको पदपूर्ति गर्ने उहाँको भनाइ छ।

यस्तै, जिल्लाभित्रका निर्वाचन क्षेत्र, पालिका, वडा सङ्गठन निर्माणसम्बन्धी कार्ययोजना छलफलका लागि जिल्ला भेला आयोजना गरिएको कार्यवाहक महामन्त्री बुर्लाकोटीले जानकारी दिनुभयो।उहाँले पार्टीको केन्द्रीय सङ्गठन विभाग, प्रदेश सङ्गठन विभाग र जिल्ला सभापतिको समन्वयमा जिल्ला भेलाको आवश्यक तयारी मिति तोक्ने र जिल्ला भेला आयोजना गर्ने काम भइरहेको बताउनुभयो। रास्वपाले यसअघि देशभरका २३ जिल्लामा जिल्ला भेला सम्पन्न गरिसकेको छ।रासस

# स्थानीय स्रोतको उपयोगमा नेता शर्माको जोड

गलकोट। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का




उपमहासचिव जनार्दन शर्माले स्थानीय स्रोत र साधनको अधिक उपयोग गरी देशलाई आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउन सकिने बताउनुभएको छ।

नेपाल राष्ट्रिय उद्योग -व्यापार सङ्गठनको दोस्रो अधिवेशनको शनिबार उद्घाटन गर्दै उहाँले फलाम, तामालागयत बहुमूल्य खनिज उत्खननमा राज्यले ध्यान दिनुपर्नेमा जोड दिनुभयो। सूचना प्रविधिको क्षेत्रमा मुलुकले प्रगति गरेको र अझै धेरै गर्ने स्थान रहेकाले त्यसतर्फ पनि विशेष ध्यान दिन आवश्यक भएको उहाँले बताउनुभयो।

पूर्वअर्थमन्त्री शर्माले यस भेगका प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ र कालिका भगवतीमा धार्मिक पर्यटकको आगमन बढाउन कालीगण्डकीमा पाइने शालिग्रामको महत्वबारे प्रचुरमात्रामा प्रचारप्रसारका साथै कालीगण्डकीको तटीय क्षेत्रको विकास अपरिहार्य भएको विचार व्यक्त गर्नुभयो।रासस

## सिरियाली द्वन्द्वमा इजरेलको द्विविधा :

# जानेबुझेकै जोखिम र बढ्दो खतरामध्ये कुन छान्ने

बीबीसी

काठमाण्डु । सिरियामा द्वन्द्व चर्किएसँगै सिरियाका राष्ट्रपति बशर अल-असदको सत्तालाई सघाउने कि विरोध गर्ने भन्ने विषयमा आफ्ना गोप्य योजनाहरूबारे इजरेलले पुनः समीक्षा गर्दै छ।

इजरेली प्रधानमन्त्री बेन्जमिन नेतन्याहूले छिमेकमा विकसित नयाँ स्थितिबारे छलफल गर्न दुईवटा बैठक डाकेकै बेला उनको देशको सेनाले पश्चिम सिरियामा आफूद्वारा नियन्त्रण गरिएको गोलन हाइट्समा सुरक्षा घटनाहरू हुन सक्ने डरले उच्च सतर्कता अपनाएको छ।



सिरियामा गृहयुद्ध सुरु भएदेखि नै इजरेल सक्रियताका साथ संलग्न रहँदै आएको छ। उसले सन् २०१५ देखि नै इरान र हिजबुल्लाहका ठेगानाहरूमा भन्दै सिरिया र लेबननमा हवाई हमला गर्दै आएको छ। त्यसअघि इजरेलले आफूसँग सीमा जोडिएको सिरियाली क्षेत्रमा सेनासँग लडिराखेका विद्रोहीहरूलाई गोप्य सहयोग गरेको थियो। कालान्तरमा इजरेली सञ्चारमाध्यम तथा अधिकारीहरूले खुलासा गरेअनुसार त्यस्ता सहयोगमा स्वास्थ्य सहयोग, खाद्यान्न आपूर्ति, सैन्य तालिम तथा हतियारका प्रावधान आदि समेटिएका थिए। हायात तहरिर अल-शाम (एचटीएस) को नेतृत्वमा सिरियामा विपक्षीहरूले तीव्र गतिमा प्रगति गर्दै संवेदनशील क्षेत्रहरूमा कब्जा जमाएसँगै इजरेल आफ्नो राजनीतिक द्विविधाको पुनर्मूल्याङ्कन गर्ने स्थितिमा पुगेको छ : आफ्नै हितका निम्ति इरान र हिज्बुल्लाहसँग मिलेर लडिराखेका विपक्षीहरूको प्राप्तिलाई समर्थन गर्ने वा इरानलाई सिरियामा उपस्थित हुन अनुमति दिने तर इजरेलविरुद्ध दशकौंदेखि कुनै प्रत्यक्ष खतरा पैदा नगरेको असद नेतृत्वको सिरियाली शासनलाई निरन्तरता दिने विषयलाई प्राथमिकतामा राख्ने?

> यसलाई राष्ट्रपति असदविरुद्ध लागेका समूहरूमध्ये सबैभन्दा प्रभावकारी र खतरनाक मानिन्थ्यो।

**'इजरेलका निम्ति बढ्दो खतरा'**

हनान ग्याफन इजरेली सैन्य गुप्तचर निकाय 'यूनिट ८२००' का पूर्वनेता हुन्। उनले बीबीसीसँगको कुराकानीमा सिरियाको स्थितिले 'इजरेलका निम्ति खतरा बढाइराखेको' बताए।

उनले हिज्बुल्लाहका गतिविधिका निम्ति सिरिया 'उर्वर भूमि' भएको बताए। उनका अनुसार त्यहाँ उक्त समूहले क्षेप्यास्त्र र ड्रोनहरूसहितका अत्याधुनिक हातहतियार बनाउने कारखाना सञ्चालन गर्छ। असदको कमजोर शासन र इरानको सीमित नियन्त्रण क्षमताले संयुक्त रूपमा "विपक्षी समूहले दमास्कसमा नियन्त्रण जमाउने सम्भावनाको तुलनामा त्यहाँको राजनीतिक स्थिति इजरेलका निम्ति अधिक खतरनाक बनाइदिन्छ।"

यी इजरेली सैन्यविज्ञले क्षेत्रीय र अन्तर्राष्ट्रिय हस्तक्षेपसामु असदको घट्दो प्रभाव र पकडबारे इजरेलको सुरक्षा संस्थापनमा चिन्ता बढिराखेको ख्याल गरेका छन्। उनले 'एचटीएस' जस्ता अमेरिका तथा केही अन्य देशहरूद्वारा आतङ्ककारी सङ्गठन घोषित समूहहरू र तिनका अतिवादी विचारधाराहरूका कारण इजरेलले नयाँ चुनौतीहरूको सामना गर्न पर्न सक्ने औँल्याए।

उनले भने, "सीमाक्षेत्रमा यस्ता समूहहरूको उपस्थितिले भविष्यमा झन् ठूलो खतरा पैदा गर्न सक्छ। "'एचटीएस' सन् २०११ तिर जबहत अल-नुस्राका नामले चिनिन्थ्यो र अल-कायदासँग प्रत्यक्ष रूपमा सम्बन्धित थियो।स्वघोषित इस्लामिक स्टेट (आईए)का दिवङ्गत नेता अबु बकर अल-बगदानीसमेत यसको गठनमा संलग्न थिए।यसलाई राष्ट्रपति असदविरुद्ध लागेका समूहरूमध्ये सबैभन्दा प्रभावकारी र खतरनाक मानिन्थ्यो।

**'परिचित जोखिम'**

तेल अभिभ विश्वविद्यालयका उपाध्यक्ष तथा प्राध्यापक इयाल जिसर सिरियाली मामिलाका जानकार हुन्। उनी हालै उत्तरमा भएको सिरियाली सेनाको हारलाई रणनीतिक मोडका रूपमा व्याख्या गर्छन्।

उनले बीबीसीसँग सन् २००० मा असद सत्तामा आएदेखि नै इजरेल उनको शासनप्रति अभ्यस्त भएको बताए। उनका अनुसार असदको सत्ताले इजरेली सीमालाई शान्त राखिदिएको थियो।"उक्त शान्तिलाई इजरेलले लाभदायक ठान्यो किनकि इजरेली हवाई हमलाका बाबजुद यसले सिरियाली सरकारका तर्फबाट कुनै किसिमको जबाफी सैन्य कारबाही देख्न परेन," उनले भने।

इजरेलका केही विश्लेषकहरू असदकै सत्ताको निरन्तरतालाई नै उसले प्राथमिकता दिनुपर्ने विकल्पका रूपमा हेर्छन्। उनीहरू असदलाई "परिचित जोखिम"का रूपमा व्याख्या गर्छन्।उनीहरू असदको सत्ताले निरन्तरता पाउँदा क्षेत्रीय स्थायित्व कायम हुने विश्वास गर्छन्। तथापि अन्यले विद्रोहीलाई सघाउनु इजरेलका निम्ति अधिक फाइदाजनक हुन सक्ने तर्क गर्छन्। त्यसो गर्दा खास गरी इरान र हिजबुल्लाहको प्रभाव घटाउन सकिने उनीहरूको भनाइ छ।

**'असदभन्दा अस्थिरता ठीक'**

इजरेलले कसरी यस्तो जटिल स्थितिको सामना गर्ला भन्ने प्रश्नमा ग्याफनले भने, "म त त्यहाँ आफ्नो उपयोगिता गुमाइसकेको शासन समाप्त हुने गरी अस्थिरता होस् भन्ने चाहन्छु। "उनले सिरियामा समयक्रममा पैदा हुने नयाँ यथार्थलाई स्वीकार गर्न इजरेल सक्षम हुने कुरामा जोड दिए।पछिल्लो चार वर्षमा सिरियामा प्रभावकारी युद्ध समाप्त भएजस्तो महसुस गरिएको थियो।

अहिलेसम्म देशका मुख्य सहरहरूमा असदको शासन मूलतः निर्विरोध रहँदै आएको थियो, भलै सिरियाका अन्य केही भागहरूमा उनको प्रत्यक्ष नियन्त्रण थिएन।ग्याफन इजरेललाई स्थितिको मूल्याङ्कन गर्न र वैकल्पिक रणनीति विकास गर्न पर्याप्त समय उपलब्ध हुने गरी सिरियाको गृहयुद्ध लम्बिन सक्ने बताउँछन्।सिरियामा विपक्षीहरूको प्रगति इजरेलका निम्ति खतराजन्य हुन सके पनि अन्ततः त्यो त्यस शासनको तुलनामा अधिक अनुकूल हुन सक्छ, जसले सिरियालाई इरानबाट हिज्बुल्लाहसम्म हतियार पुऱ्याउन प्रमुख ढुवानी मार्गका रूपमा प्रयोग गर्न अनुमति दिन्थ्यो।

**'विद्रोहीलाई सघाउनु विकल्प होइन'**

इजरेलले विगतमा केही विपक्षी खेमाहरूलाई सघाएको भए पनि जिसर खास गरी उत्तरी सिरियाका विद्रोहीहरू जसले टर्कीसँग सम्बन्ध राख्दै आएका "विपक्षीलाई प्रत्यक्ष रूपमा सघाउने कुरा तत्कालका निम्ति सम्भव हुने कुरा होइन" भन्नेमा विश्वास गर्छन्।टर्की इजरेलसँग तनावपूर्ण सम्बन्ध रहँदै आएको अर्को राज्य हो।

जिसरका अनुसार इजरेलले अहिले सिरियाली सत्तालाई प्रत्यक्ष सघाइराखेको नभए पनि इरानको प्रभावलाई चुनौती दिन सक्छ। उनले इरानी जहाजहरूलाई सिरियामा ओर्लिन नदिने तथा इरान-समर्थित विद्रोहीहरूका अभियानलाई इराकको मद्दतबाट रोक लगाउनेजस्ता उपायहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरे। उनले असदको अर्को महत्त्वपूर्ण सहयोगीका रूपमा रुसको महत्त्वलाई पनि जोड दिए।जिसरले आईएसआईएसको पुनरागमले पैदा गर्ने भद्रगोलले इजरेल र सिरियाली सत्ता दुवैलाई झन् ठूलो खतरा पैदा गर्न सक्ने चेतावनी दिए।

विगतमा उक्त इस्लामवादी समूहमाथि विजय प्राप्त गर्न असद देशको कम हातहतियारयुक्त र कमजोर उत्प्रेरणायुक्त अनिवार्य भर्तीबाट बनेको सेनामा मात्रै निर्भर हुन सक्दैनथे, जो प्रायः विद्रोही आक्रमणका बेला आफ्नो स्थितिको रक्षा गर्न असमर्थ हुन्थ्यो। त्यसको सट्टा उनी मैदानमा रुसी हवाई शक्ति र इरानी सैन्य सहयोगमाथि उच्च मात्रामा निर्भर हुन पुगे, उनले मूलतः हिज्बुल्लाहसहित तेहरानद्वारा प्रायोजित 'मिलिशियाहरूको' सहयोग लिए।जिसरका विचारमा इजरेलले द्वन्द्वको कुनै एउटा पक्षलाई सघाएर सिरियामा पूर्ण युद्ध सुरु गर्ने सम्भावना छैन तर उसले इरानसँग जोडिएका सैन्य ठेगानाहरूमा सीमित कारबाही जारी राख्ने छ।

असदको भविष्यबारे इजरेलमा चलिरहेको बहस एउटा व्यापक भूराजनीतिक द्विविधाको प्रतीक हो : के इजरेलले स्थिरतालाई प्राथमिकता दिन्छ, भलै असदको जस्तो शासनसँग काम गर्न किन नपरोस्? वा थप अस्थिरता पैदा हुन सक्ने भए पनि परिवर्तनकारी शक्तिहरूलाई चुन्छ?सिरियामा घटनाक्रमहरूको विकास हुने क्रम जारी रहँदा इजरेलले बदलिँदो सिरियाली परिदृश्यका कारण उत्पन्न तत्कालका सुरक्षा चासो र आफ्नो दीर्घकालीन स्वार्थहरूबीच सन्तुलन मिलाउँदै जटिल गतिशिलताको सावधानीपूर्वक सामना गर्नुपर्ने छ।

# एनपीएलमा क्यान र क्लबको खर्च कति, आम्दानी कति

बीबीसी

काठमाण्डु । दर्शकको राम्रो उपस्थिति पाएको नेपाल प्रिमिअर लीग (एनपीएल) ले गति लिन थालिसकेको छ।व्यावसायिक स्वरूपको फ्रेन्चाइज क्रिकेटमा सहभागी आठ टोलीहरूमा विदेशी खेलाडीहरू पनि छन्। खेलाडी र टोलीहरूले आफ्नो क्षमता देखाउन थालिसकेका छन्।

एनपीएल नेपाली क्रिकेटको अहिलेसम्मको ठूलो बजेटको कार्यक्रम बनेको छ। प्रतियोगिता कुल १०० करोड रुपैयाँको हुन सक्ने अनुमान छ। एनपीएल कति बजेटको हो अनि आयोजक नेपाल क्रिकेट सङ्घ (क्यान) र त्यसमा सहभागी आठवटा फ्रेन्चाइज टोलीले कति आम्दानी गर्लान् वा कति खर्च बेहोर्लान् भन्नेमा धेरैको चासो छ। क्यानले आधा दर्जनभन्दा बढी स्रोतबाट आम्दानी गर्छ। केही आम्दानी निश्चित भइसकेको छ भने टिकटबाट हुने आयको हिसाब प्रतियोगिता सम्पन्न भइसकेपछि मात्र निश्चित हुने छ।आफ्ना निश्चित स्रोतबाट ३० करोड रुपैयाँजति सङ्कलन गर्ने अनुमान क्यानका पदाधिकारीहरूको छ।




**कसरी हुन्छ आम्दानी**

क्यानले पहिलो आम्दानी फ्रेन्चाइट टीम बिक्रीबापत गऱ्यो। आठवटा टोली बेच्दा उसले १६ करोड ८८ लाख ९३ हजार २ सय ३१ रुपैयाँ कमायो।त्यस्तै ब्यान्ड लजिक कम्पनीलाई 'कमर्शल राइट्स' बेचेर ५ करोड ९२ लाख रुपैयाँ प्राप्त गऱ्यो।

त्यसबाहेक मैदानमा क्यानले २० प्रतिशत प्रायोजक बोर्ड पनि राखेको छ। क्यानले टिकट बेचेर पनि आय गर्ने छ।उद्घाटन भएको दिनदेखि नै रङ्गशालामा उर्लिएका दर्शकको उत्साह हेर्दा आयोजकले टिकटबाट राम्रै आम्दानी गर्ने देखिन्छ। यही क्रममा दर्शक ओइरिए क्यानले टिकटबाट ८ करोड रुपैयाँभन्दा बढी आम्दानी गर्ने अनुमान गरिएको छ।त्यसबाहेक क्यानले यूट्यूब, फ्यान कोड र ओटीटीबाट पनि आम्दानी गर्ने छ।

**खर्च कसरी हुन्छ**

प्रतियोगितालाई भव्य बनाउन क्यानले खर्चमा कन्जुस्याइँ गरेको छैन। एनपीएललाई स्टार स्पोर्टसमा रकम खर्चेर प्रसारण गर्न क्यानले ठूलो बजेट खर्च गरेको बताइएको छ।कीर्तिपुर मैदानभित्र पिच र आउटफील्ड निर्माण गर्न पनि खर्च भयो। क्यानका प्रवक्ता छुम्बी लामा भन्छन्, "पिच र घाँस बनाउन छ महिनाभन्दा बढी समय लगायौँ।" मैदानबाहिर अस्थायी प्यारापिट, ओनर लाउन्ज र भीआइपी अस्थायी प्यारापिट निर्माण गरिएको छ।

अम्पायर, कमेन्टेटर, म्याच कमिश्नर, एन्टी करप्शन अफिसरजस्ता प्राविधिक टोलीको खर्च पनि क्यानको हो। जिल्ला र प्रदेशका पदाधिकारीहरूलाई पनि निम्तो दिनैपऱ्यो।पुरस्कार राशिजस्तै विजेताहरूको पुरस्कार र हरेक खेलको 'म्यान अफ द म्याच'को खर्च पनि क्यानकै भागमा पर्छ।यी सबै जोड्दा १५ करोड रुपैयाँभन्दा बढी खर्च हुन आउने क्यान पदाधिकारीहरूको अनुमान छ।

**क्लबको खर्च**

एनपीएलको पहिलो संस्करणमा फ्रेन्चाइज टोलीहरूले मन खोलेर खर्च गरेको देखिन्छ।पहिलो संस्करण भएकोले टीम खरिदमा टोलीहरूले १ करोड ११ लाखदेखि ३ करोड ५७ लाख रुपैयाँसम्म खर्च गरे। दोस्रो ठूलो खर्च नेपाली र विदेशी खेलाडीको लागि भएको देखिन्छ। त्यसमा 'मार्की' अर्थात् मुख्य खेलाडीको मूल्य २० लाख रुपैयाँ छ।

कर्णाली याक्सले भारतका चर्चित पूर्वखेलाडी शिखर धवनलाई एक खेलको लागि ३०,००० अमेरिकी डलर (४० लाख रुपैयाँभन्दा बढी) खर्चेको बताइएको छ। 'ट्यालेन्ट हन्ट'बाट स्थानीय खेलाडी खोज्न पनि फ्रेन्चाइज टोलीले ल्याकतअनुसारको कार्यक्रम राखेका थिए।त्यसपछि प्रशिक्षक, सहायक प्रशिक्षक, फिजिओथेरपिस्ट, मेन्टरसहितको प्राविधिक टोलीको खर्च आउँछ।

खेलाडीलाई पाँचतारे होटेलमा राख्नुपर्ने नियमानुसार सबै टोलीले खेलाडीलाई त्यस्तो सुविधा दिएका छन्। प्रशिक्षण र विशेष आहारका लागि हुने खर्चको रकम पनि ठूलो हुन आउँछ।खेलाडीका लागि स्तरीय सामानका लागि थप खर्च हुन्छ। मार्केटिङ टीम र प्रचारप्रसारमा पनि खर्च हुन्छ।ठूलो व्यवस्थापन टोली संलग्न हुने हुँदा क्लबको खर्च बढ्ने देखिन्छ।यसरी हिसाब गर्दा एउटा टोलीको खर्च ७ करोडदेखि १० करोड रुपैयाँसम्म हुने टीम मालिकहरूले अनुमान गरेका छन्।

**क्लबको आम्दानी**

अनुमानित ७ करोड देखि १० करोड रुपैयाँ खर्च गर्ने टोलीले कति आम्दानी गर्लान् त?फ्रेन्चाइज टोलीको पहिलो आम्दानी भनेको क्यानको आम्दानीको ५० प्रतिशत हो। क्यानले गर्ने आम्दानीको आधा भाग आठवटा टोलीमा दामा बाँडिन्छ।

यो वर्ष क्यानले गर्ने आम्दानीको हिसाब गर्दा एउटा टोलीको भागमा एक करोड रुपैयाँसम्म पर्न सक्छ।टोलीले प्रायोजकहरूबाट रकम पाउँछ। यद्यपि पहिलो वर्ष भएकाले सोचेजति प्रायोजक र रकम भने पाउन नसकेको अधिकांश टोलीले बताएका छन्। करोड खर्चेका मालिकहरूले लाखमा प्रायोजक पाएको देखिन्छ।

किट्स मर्चेन्डाइज (जर्सी , टीसर्ट, क्याप) को बिक्रीबाट पनि टोलीहरूले केही कमाउने छन्।कर्णाली याक्सले ७,००० वटा जर्सी बिक्री गरिसकेको बताइएको छ । यस अर्थमा पहिलो संस्करणमा अधिकांश टोलीको आम्दानीभन्दा खर्च बढी हुने देखिन्छ । कर्णाली याक्सका एक मालिक गेहेन्द्र घिमिरे भन्छन्, "तीन वर्षसम्म कमाउने हामीले हिसाब लगाएका छैनौँ। यो लगानीको समय हो। तर हामीसँग नाफा कमाउने हिसाबकिताब छ।"

**ब्रान्ड भ्याल्यू**

एनपीएलले जसरी चर्चा पाएको छ, त्यसले टोलीको मूल्य धेरैमाथि पुगिसकेको छ। गेहेन्द्र घिमिरे फ्रेन्चाइजको 'ब्र्यान्ड भ्याल्यू' निकै हुने बताउँछन्।"एनपीएलमा अब टोलीको स‍ट्या थपिने छैन। टोलीको भ्यालू त बढिसक्यो। यो हिसाबमा हामी अहिले नै नाफामा गइसक्यौँ।

अहिले एनपीएल आईसीसीको क्यालेन्डरमा छैन। त्यसमा परेपछि त यसको ब्र्यान्ड भ्यालू झन् बढ्ने निश्चित छ," घिमिरे भन्छन्।

नेपाल क्रिकेट सङ्घका सचिव पारस खड्काले एनपीएलमा लगानी गर्न विदेशी क्लबहरूले पहिलेदेखि नै चासो दिएको बताएका थिए । त्यो हिसाबमा अर्को संस्करणमा विदेशका ठूला फ्रेन्चाइज टोलीले एनपीएलमा जोडिन चाहे यी आठ टोलीसँग सहकार्य गर्नुपर्ने छ। त्यसबाट क्लबको 'ब्र्यान्ड भ्यालू' झन् माथि पुग्ने छ।

# एनपिएलः कर्णाली याक्स सात रनले विजयी

काठमाण्डु। नेपाल प्रिमियर लिग (एनसपिएल) अन्तर्गत आज भएको दोस्रो खेलमा कर्णाली याक्स सात रनले विजयी भएको छ। एक सय ३४ रनको मध्यम लक्ष्य पछ्याएको विराटनगर किङ्ग्स कर्णालीका नन्दन यादवको कसिलो बलिङमा निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय २६ रनमा समेटियो।

कर्णालीको जितमा नन्दन यादवले चार ओभर बलिङ गर्ने क्रममा १९ रन खर्चेर तीन विकेट लिए। साथै विपीन यादवले दुई तथा सोमपाल कामी, विलियम वोसिस्टोले र उनिश ठकुरीले एक/एक विकेट लिए।बिराटनगरका लागि निकोलस कीर्तनले ३९ बलमा चार चौका र एक छक्काको सहयोगमा ४० रन बनाए पनि जितका लागि पर्याप्त भएन्। उसका लागि ओपनर लोकेश बमले १९ र दीपक बोहोराले १८ रनको योगदान दिए भने अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको कर्णाली याक्सले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै एक सय ३३ रन मात्रै बनाएको थियो। उसका लागि विलियम बोसिस्टोले ४९ बलमा पाँच चौका र तीन छक्काको सहयोगमा ६६ रन बनाए। साथै ओपनर देव खनालले ४८ बलको सामना गर्ने क्रममा चार चौका र दुई छक्का प्रहार गर्दै ५३ रनको योगदान दिए।




कर्णालीका पाँच ब्याटरले खाता नै खोल्न सकेनन्। गुलशन झा, सोमपाल कामी, नन्दन यादव, विपीन शर्मा र उनिश ठकुरी शून्य रनमा आउट भए। अघिल्ला दुई वटा खेलमा चम्केका ओपनर शिखर धवनले व्यक्तिगत पाँच रन छँदा आउट भए।

कर्णाली याक्सलाई मध्यम स्कोरमा समेट्ने क्रममा बिराटनगरका लागि प्रतीश जिशीले चार विकेट लिए। साथै क्रिस सोल र बसिर अहमदले समान दुई विकेट लिए भने अकिब इलायसले एक विकेट लिए। चार खेलमा दुईमा जित हासिल गरेको कर्णालीसँग चार अङ्क छ भने समान खेल खेलेको विराटनगरसँग एक जितका साथ दुई अङ्क छ।रासस

# एनपिएलः सुदूरपश्चिमले लगातार तेस्रो खेल जित्दा, लुम्बिनीको तेस्रो हार



काठमाण्डु। नेपाल प्रिमियर लिग (एनसपिएल) अन्तर्गत शनिबार भएको पहिलो खेलमा सुदुरपश्चिम रोयल्सले लुम्बिनी लायन्सलाई ४५ रनले पराजित गर्दै प्रतियोगितामा लगातार तेस्रो जित दर्ता गरेको छ।कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा एक सय ८८ रनको लक्ष्य पछ्याएको लुम्बिनी लायन्स निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ४२ रनमा समेटियो। योसँगै लुम्बिनीले प्रतियोगितामा लगातार तेस्रो हार बेहोर्दै अङ्क तालिकाको अन्तिममा पुगेको छ।

पहिलो जितको खोजीमा लक्ष्य पछ्याएको लुम्बिनीलाई सुरुमै झट्का लाग्यो। शून्य रन छँदा पहिलो विकेट गुमाएको उसले पाँच रनमा दोस्रो विकेट र नौ रन छँदा तेस्रो विकेट गुमायो। साथै १९ रन छँदा चौथो र पाँचौ विकेट गुमाएपछि लुम्बिनी दबाबमा परेको थियो। त्यसपछि ब्याटिङ गर्न आएका विवेक यादवले १४२ दशमलव ५९ को स्ट्राइक रेटमा ७७ रन बटुले पनि त्यो जितका लागि पर्याप्त भएन्।

लुम्बिनीका अर्जुन साउद, साद विन जफर, रामेन साइमन्डस् र दुर्गेश गुप्ता शून्य रनमा आउट हुँदा सुन्दीप जोराले २० र दिनेश अधिकारीले १४ रन बनाए। अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।सुदूरपश्चिमको जितमा ब्राण्डोन म्याक मुलेन र सेफ अलि जेबले समान तीन विकेट लिए भने स्टक कुगेलेनले दुई र अभिनाश बोहोराले एक विकेट हात पारे।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले ओपनर सेफ अलि जेबको आक्रमक ब्याटिङमा कुल एक सय ८७ रनको योगफल तयार पारेको थियो। सेफले ६१ बल खेल्ने क्रममा छ चौका र पाँच छक्काको सहयोगमा ९० रन बनाए।

कूल १९ बल खेलेका दीपेन्द्र सिंह ऐरीले चार चौका र दुई छक्काको सहयोगमा ३९ रन बनाए। त्यसैगरी ब्राण्डेन म्याक मुलेनले २३ र बिनोद भण्डारीले १७ रन बनाए।लुम्बिनीका लागि रामेन साइमन्डसले दुई, कप्तान रोहित पौडेल र विवेक यादवले समान एक/एक विकेट लिए।रासस

# सिरियामा दुई लाख ८० हजार भन्दा बढी मानिस विस्थापित : राष्ट्रसङ्घ

एएनआई

जेनेभा। सिरियाको उत्तरपश्चिम हयात तहरीर अल-शाम (एचटीएस) को नेतृत्वमा रहेको क्षेत्रमा आक्रमणपछि दुई लाख ८० हजार भन्दा बढी मानिस विस्थापित भएका छन् ।संयुक्त राष्ट्रसङ्घले ट्वीटरमा साझा गरेको पोस्टमा लेखेको छ, "हालैको हिंसामा केही दिनमै उत्तरपश्चिम सिरियामा दुई लाख ८० हजार भन्दा बढी मानिस विस्थापित भएका छन् । राष्ट्रसङ्घले सिरियामा सबैभन्दा कमजोरलाई सहयोग गर्न मानवीय प्रयासहरू बढाउँदैछ।"

यसैबीच, हजारौं बासिन्दाहरू होम्स शहरबाट भागेका छन् । दमास्कसतर्फ विद्रोहीहरूको अग्रसरतामा त्रास फैलिएको छ ।सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्स (एसओएचआर) ले शुक्रबार हजारौं होम्सका बासिन्दाहरू पश्चिमी किनारतर्फ रातभरि भाग्न थालेका जनाएका छन् । यहाँ सिरियाली राष्ट्रपति बसर अल-असदले अझै पनि नियन्त्रण कायम राखेका छन् ।

बिहीबार उत्तरको हामा सहर कब्जा गरेपछि विद्रोहीहरूले होम्सको चौराहे शहरमा आफ्नो नजर राखेका छन्, जुन कब्जा गरेमा राष्ट्रपति बसर अल-असदको नियन्त्रणमा रहेको क्षेत्र विभाजित हुनेछ ।संयुक्त राष्ट्रसङ्घका अनुसार एक दशक भन्दा बढीको युद्धमा तीन लाख भन्दा बढी नागरिक मारिएका छन्, जबकि लाखौं क्षेत्रभरि विस्थापित भएका छन् ।

# सर्वोच्च अदालतले इमरान खानको याचिकामा डिसेम्बर १० मा सुनुवाइ गर्ने

एएनआई

इस्लामाबाद। पाकिस्तानको सर्वोच्च अदालतले सन् २०२३, १० मे को घटनाहरूको अनुसन्धान गर्न न्यायिक आयोग गठन गर्न माग गर्दै पीटीआईका संस्थापक इमरान खानले दायर गरेको याचिकामा डिसेम्बर १० मा सुनुवाइ गर्ने समय तय गरेको छ।

सर्वोच्च अदालतले शुक्रबार जारी गरेको कारण सूची अनुसार न्यायाधीश अमिनुद्दीन खानको नेतृत्वमा रहेको सात सदस्यीय संवैधानिक इजलासले मुद्दाको अध्यक्षता गर्नेछ ।याचिका दुई महत्त्वपूर्ण घटनाहरूको छानबिन गर्न न्यायिक आयोगहरूको लागि इमरान खानको मागसँग जोडिएको छ ।बिहीबार पूर्वप्रधानमन्त्रीले आफ्नो आयोगको स्थापनाबारे पोष्ट गर्नुभएको थियो।

सरकारसँग संलग्न हुन गठित वार्ता टोलीमा ओमर अयुब खान, अली अमीन गण्डापुर, साहिबजादा हमिद रजा, सलमान अक्रम राजा र असद कैसर रहेका छन् ।शुक्रबार इमरानले यस विषयमा आफ्ना मागहरू दोहोऱ्याउँदै भन्नुभयो,"हाम्रा दुईवटा मागहरू छन्। घटनाहरूको स्वतन्त्र अनुसन्धान गर्न सर्वोच्च अदालतका सबैभन्दा वरिष्ठ न्यायाधीशहरूको नेतृत्वमा आयोग गठन गर्नुपर्छ। अन्यायपूर्वक थुनिएका राजनीतिक बन्दीहरूलाई रिहा गरिनुपर्छ।"

इमरानले यी मागहरू पूरा नभएमा पीटीआईद्वारा 'नागरिक अवज्ञा, रेमिट्यान्समा कमी र बहिष्कार आन्दोलन' सुरु गर्ने चेतावनी दिनुभयो।

## ३३ आयोजना अलपत्र :

# ‘निर्माण व्यवसायीलाई अन्तिम मौका !’

काँक्रेविहार । लामो समयदेखि ठेक्का अलपत्र पार्दै आएका निर्माण व्यवसायीलाई भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय बोलाएर छलफल सुरू गरिएको छ । मन्त्रालयले अलपत्र परेका ठेक्काको पटकपटक म्याद थपे पनि समस्य समाधान नभएपछि मन्त्रालयमा निर्माण व्यवसायीसँग छलफल सुरू गरेको हो । मन्त्री शेरबहादुर बुढा, सचिव तथा अन्य अधिकारीको सहभागितामा निर्माण व्यवसायीलाई संयुक्त रूपमा राखेर समस्य र समाधानका उपायबारे छलफल सुरू गर्नुभएको मन्त्रीका सूचना प्राविधि सहायक टेकबहादुर शाहीले जानकारी दिनुभयो । कर्णालीमा ३३ वटा ठूला आयोजनाहरू अलपत्र पर्दै आएका छन् ।



अधिकांश अलपत्र पारिएका ठेक्काको चारपटकसम्म म्याद थप गरिएको पाइएको छ । अति जरूरी भएको ठाउँमा समेत ठेक्का लिएर निर्माण व्यवसायी सम्पर्कविहीन हुने गरेको जिल्लास्थित कार्यालय प्रमुखले गुनासो गर्दै आएका छन् । सोही गुनासो आधारमा निर्माण व्यवसायीलाई मन्त्रालयमा बोलाएर अन्तिम पटक समय दिएर काम गर्न आग्रह गरिएको मन्त्री बुढाले बताउनुभयो । उहाँले भन्नुभएको छ - काम नगर्ने हो भने बाटो खुल्ला गर्नुपर्‍यो, हैन भने तत्काल कम सुरू गर्नुपर्‍यो ।

कहाँ कहाँ छन् अलपत्र आयोजना ?

तीस प्रतिशतमात्र भौतिक प्रगति भएको डोल्पाको दुनै सरस्वती मन्दिरदेखि तिब्लागाउँ थरगाउँ काँडातलीसम्मको दोस्रो ठेक्को काम अलपत्र पर्दै आएको छ । श्रेया जुगल जेभीले उक्त ठेक्का लिएको छ । विसं २०७९ असार १६ गते उक्त ठेक्काको सम्झौता भएको थियो । विसं २०८१ मङ्सिर २३ गते यो ठेक्काको अन्तिम भाका रहेको छ ।

जाजरकोटको छेडा थलह सानाखोला जाँदे जुम्ला सडकको ३० किलोमिटर सडक निर्माण गर्ने भनी २०७८ माघ २५ गते सम्झौता भए पनि हालसम्म निर्माण व्यवसायी अमर सिस्ने जेभीले १० प्रतिशतमात्र काम गरेको छ । विसं २०८२ पुस ४ गतेसम्म म्याद रहेको यो आयोजनाको कामको गति निकै ढिला भएको छ । नेपाल मेघा सिस्ने जेभीले २०७८ साउन ४ गते पूर्वाधार विकास कार्यालय, जाजरकोटमा छेडागाड नगरपालिकाको साल्मखोलामा पुल निर्माण गर्ने भन्दै ठेक्का लिएको पुलको हालसम्म ३० प्रतिशतमात्र काम गरेको छ । म्याद थपसहित २०८२ जेठ २ सम्म पुर्‍याएको छ । निर्माण व्यवसायीले पुल निर्माणमा चासो नै नदेखाएकाले काम ढिला भएको भनी जिल्लास्थित पूर्वाधार विकास कार्यालयले प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा पत्राचार गरेको छ ।

जाजरकोटकै बारेकोट गाउँपालिका-८ साँघुतरा र नलगाड नगरपालिका-५ सिर्केस्थित मोटरेबल पुलसमेत अलपत्र पर्दै आएको छ । नेपाल मेगा सिस्ने जेभीले नै २०७८ साउन २९ गते पुल निर्माणको ठेक्का लिएको थियो । हालसम्म उक्त पुलको भौतिक प्रगति जिरो रहेको छ । निर्माण व्यवसायीले काम गर्नका लागि अहिलेसम्म फिल्डमै नपुगेको भनी पूर्वाधार विकास कार्यालय, जाजरकोटले मन्त्रालयमा पत्राचार गरेको छ । यसको म्याद थपसहित २०८२ असार २० गतेसम्म म्याद थप गरिएको छ ।

नारायनम निर्माण सेवा नेपालगञ्ज १८ बाँकेले बारेकोट गाउँपालिकाको भैसेडीमा पक्की पुल निर्माणका लागि २०७९ जेठ २३ गते लिएको ठेक्काको भौतिक प्रगति ५० प्रतिशत रहेको छ । विसं २०८१ जेठ २९ गतेसम्म म्याद सकिएको छ । कल्यानमा पक्की पुल निर्माण गर्ने भन्दै पिएस निर्माण सेवा नौवास्था-८ बाँकेले २०७९ जेठ ३० गते लिएको पुलको ठेक्का हालसम्म निर्माण हुन सकेको छैन । उक्त ठेक्काको म्याद थपसहितको मिति २०८१ जेठ २९ गते समाप्त भइसकेको छ । यसको भौतिक प्रगति ४५ प्रतिशतमात्र रहेको छ ।

कालीकोटको सेरी पान्तडी पद्मघाट जुम्ला सडक (बहुवर्षीय योजनासमेत) निर्माणको ठेक्का खड्काकृष्ण सुपरस्टार जेभीले २०७७ जेठ २ गते लिएको थियो । उक्त ठेक्काको काम हालसम्म ४० प्रतिशतमात्र भएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जनाएको छ । विसं २०८० जेठ ३० गते यस ठेक्काको म्याद सकिएको थियो । वारातु सियाला रेगिंल रोड निर्माण गर्नका लागि पूर्वाधार विकास कार्यालय कालीकोटले निकालेको ठेक्कामा मार्गदिवी निर्माण सेवाले २०७८ वैशाख २६ गते सम्झौता गरेर हालसम्म २८ प्रतिशतमात्र काम गरेर बीचमै छोडेको पाइएको छ ।

कडा चट्टान लागेको भन्दै उक्त काम बीचमै छाडिएको मन्त्रालयमा परिपत्र गरिएको छ । यसको म्याद थपसहितको अन्तिम मिति २०८२ वैशाख ३० गते रहेको छ । कालीकोटको पताला-९ को दाम्रीगाड पक्की पुल निर्माण गर्नका लागि गलवा/जगदम्बा/सुपरस्टार जेभीले २०७७ असार ३० गते सम्झौता भएको थियो ।

सम्झौताको मिति सकिएर म्याद थप गरेर २०८१ साल असार २० गते म्याद सकिएपनि उक्त पुलको भौतिक प्रगति हालसम्म ३५ प्रतिशतमात्र रहेको मन्त्रालयका सूचना अधिकारी प्रवीण कार्कीले जानकारी दिनुभयो ।

जारकोटमा पक्की पुल निर्माण गर्ने भनी २०७७ असोज १३ गते हिराचन/कारभान/सुपरस्टार जेभीले ठेक्का लिएकामा हालसम्म उक्त ठेक्काको २५ प्रतिशतमात्र रहेको छ । म्याद थपसहितको अन्तिम मिति २०८१ जेठ ३० गते समाप्त भएको थियो । त्यस्तै दैलेखमा समेत हालत उही रहेको छ ।

दैलेख सदरमुकामदेखि नौमुले गाउँपालिका-१ देखि ४ हुँदै जुनी जाजरकोट जिल्ला जोड्ने सडकसमेत अलपत्र पर्दै आएको छ । यसको ठेक्का बिरूवा सिद्धान्त श्रृङ्गेश्वर जेवीले लिएको थियो । यसको पनि भौतिक प्रगति निर ासाजनक रहेको छ । यो सडक पटकपटक निर्माण गर्दा पनि निर्माण व्यवसायीले काम अगाडि बढाउन नचाहेको मन्त्रालयमा प्रतिवेदनमा उल्लेख गरिएको छ ।

साङ्गेतडा-ब्रिन्दासैनी-चामुण्डा बाटो निर्माण गर्ने भनी मोतिदान-लाल सुभ-मेन्द्रो जेभीले काम अलपत्र पार्दै आएको छ । कोप्ची कट्टी बेस्तडा रूम चौराठा देउली दैलेख सडकको काम वाइबा र लामा/लोपूर्ण जेभीले अलपत्र पार्दै आएको पाइएको छ । सान्ताडा मेहलतोली पातिहाल्ना जाजरकोट सडकको समेत अवस्थामा खराब छ । यसको प्रगति पनि निरासाजनक नै रहेको छ । यसको ठेक्का नाना निर्माणले लिएको छ ।

रबट छामघाट खोला पक्की पुल निर्माणको काम जलजला जय मा स्वर्गद्वारी जेभीले लिएर अलपत्र पारेको छ । पटकपटक म्याद थप गर्दा पनि १० जिल्लामा निम्न आयोजना निर्माण हुन नसकेर थन्किएका छन् । निर्माण व्यवसायीलाई पटकपटक ताकेता गर्दा पनि निर्माण व्यवसायीले फोन अफ गरेर बसिरहेको पाइएको छ । सुर्खेतमा बड्डीचौर बिम्रेनी बाबियाचौर विद्यापुर सडक अनक/जयदेवी जेभीले अलपत्र परेको छ । रानीघाट तेलपानी भुरीगाउँ सडक थोदुङ्ग/जागृती जेभीले निर्माणमा समस्या बनाउँदै आएको मन्त्रालयले बताएको छ ।

मङ्गलगढी काँक्रेविहार सडक योजना अमर/सिस्ने/मेघा जेभीले बीचमै अलपत्र पारेको छ । कुइने जामु बाबियाचौर भक्तरी जगलघाट सडक अनक/जयदेवी/सनलाइट जेभीले, प्रदेश राजधानी वीरेन्द्रनगर प्लानिङ क्षेत्र सहरी सडक कान्छाराम कन्स्ट्रक्सने, तल्लो करेली पक्की पुल निर्माण भेरीगंगा-१३ को पुलगाल्वा निर्माण सेवा काठमाडौंले, घाटगाउँ गटु सालम कोरालाबास कुल्लीमोर सडक श्रेष्ठ कन्स्ट्रक्सन कम्पनी काठमाडौंले ठेक्का लिएर बीचमै छाडेको अवस्थामा रहेको मन्त्रालयका सूचना अधिकारी कार्कीले जानकारी दिनुभयो ।

हुम्लाको लालीबगर औलाथली मोटरेबल पुल सूर्य-एचएम-श्रेया जेभीले लिएर अलपत्र पारेको छ । याँचु बजार (पालिका केन्द्र) देखि तुमलिक मोटरेबल पुल, खार्पुनाथ गाउँपालिका हुम्ला सडक पुल पुनः सूर्य-एचएम-श्रेया जेभीले नै लिएर अलपत्र परेको छ । जुम्लाको झारज्युला निधार पक्की पुल गल्वा अमित जेभीले लिएर बीचमै छाडेको पूर्वाधार विकास कार्यालय जुम्लाले मन्त्रालयमा पत्र पठाएर जानकारी दिएको छ ।

मुगुको दोमुख तारापानी गमगढी नाक्चे लाग्ने सडक निर्माणको जिम्मेवारी लिएको खानी जगदम्बा मिसन जेभी, झुगला बेलिब्रिज वा मोटरेबल पुलको काम कन्काई-कुशेश्वर निसान जेभी, दोमुख पक्की पुलको काम मृत सञ्जीवनी निर्माण सेवाले हुम्ला कर्णाली र मुगु कर्णाली नदी दोमुखबाट गमगढी नाक्चेलाग्न सडक अदालतमा मुद्दा परेका कारण ढिला भइरहेको छ ।

रूकुम पश्चिममा चिसापानी-राडी-नदुवा-मुसीकोट सडक (बहुवर्षीय)को काम पिएस जिएसएचसीले, छेरावगर पक्की पुलको काम सपना सिस्ने खड्का जेभीले लिएको छ । सबै काम सन्तोषजनक नभएको पाइएको छ । पूर्वाधार विकास कार्यालय सल्यानका अनुसार बालुवा सङ्खही कुपिण्डे खलङ्गा सडकको काम गलवा/धुलिखेल जेभीले र बागचौर-पातीहाल्न बगरखोला पुलको ठेक्का प्राकृतिक निशानभूमि जेभीले लिएर अलपत्र पारेको छ । यी सबै ठेक्काका काम ३० देखि ५० प्रतिशत भई बीचमै अलपत्र पारिएको छ ।रासस

# विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिदर एक सय ३५ रूपैयाँ २१ पैसा र बिक्रीदर एक सय ३५ रूपैयाँ ८१ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर एक सय ४३ रूपैयाँ सात पैसा र बिक्रीदर एक सय ४३ रूपैयाँ ७१ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर एक सय ७२ रूपैयाँ ५७ र बिक्रीदर एक सय ७३ रूपैयाँ ३३ १८ रूपैयाँ ६९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रूपैयाँ र बिक्रीदर ३६ रूपैयाँ १५ पैसा, कतारी रियाल एकको खरिदर ३७ रूपैयाँ नौ पैसा र बिक्रीदर ३७ रूपैयाँ २५ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रूपैयाँ ९८ पैसा र बिक्रीदर तीन रूपैयाँ ९९ पैसा, युएई दिराम एकको खरिददर ३६ रूपैयाँ ८१ पैसा र बिक्रीदर ३६ रूपैयाँ ९८ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर



पैसा, स्वीस फ्रयाङ्क एकको खरिदर एक सय ५४ रूपैयाँ आठ पैसा र बिक्रीदर एक सय ५४ रूपैयाँ ७६ पैसा कायम गरिएको छ । शुक्रबार अमेरिकी डलर एकको खरिददर एक सय ३५ रूपैयाँ २८ पैसा र बिक्रीदर एक सय ३५ रूपैयाँ ८८ पैसा, युरोपियन युरो एकको खरिददर एक सय ४२ रूपैयाँ ३९ पैसा र बिक्रीदर एक सय ४३ रूपैयाँ २ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर एक सय ७२ रूपैयाँ सात र बिक्रीदर एक सय ७२ रूपैयाँ ८३ पैसा, स्विस फ्याङ्क एकको खरिदर एक सय ५३ रूपैयाँ एक पैसा र बिक्रीदर एक सय ५३ रूपैयाँ ६९ पैसा कायम गरिएको थियो ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ८३ पैसा र बिक्रीदर ८७ रूपैयाँ २१ पैसा, क्यानेडियन डलर एकको खरिदर ९६ रूपैयाँ ३० पैसा र बिक्रीदर ९६ रूपैयाँ ७३ पैसा, सिङ्गापुर डलर एकको खरिदार एक सय रूपैयाँ ९२ पैसा र बिक्रीदर एक सय एक रूपैयाँ ३७ पैसा निर्धारण गरिएको छ । जापानी येन १० को खरिददर आठ रूपैयाँ ९८ पैसा र बिक्रीदर नौ रूपैयाँ दुई पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ६१ पैसा र बिक्रीदर ३० रूपैयाँ ५९ पैसा र बिक्रीदर ३० रूपैयाँ ७३ पैसा, साउथ कोरियन वन एक सयको खरिदर नौ रूपैयाँ ५२ पैसा र बिक्रीदर नौ रूपैयाँ ५६ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रूपैयाँ ४३ पैसा र बिक्रीदर १२ रूपैयाँ ४९ पैसा र डेनिस क्रोनर एकको खरिदर १९ रूपैयाँ १८ पैसा र बिक्रीदर १९ रूपैयाँ २७ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ३८ पैसा र बिक्रीदर १७ रूपैयाँ ४६ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४० रूपैयाँ ५ पैसा र बिक्रीदर चार सय ४२ रूपैयाँ, बहराइन दिनार एकको खरिददर तीन सय ५८ रूपैयाँ ५५ पैसा र बिक्रीदर तीन सय ६० रूपैयाँ १४ पैसा, ओमनि रियाल एकको खरिदर तीन सय ५१ रूपैयाँ १९ पैसा, बिक्रिदर तीन सय ५२ रूपैयाँ ७५ पैसा र भारतीय रूपैयाँ एक सयको खरिददर एक सय ६० रूपैयाँ र बिक्रीदर एक सय ६० रूपैयाँ १५ पैसा तोकेको छ । राष्ट्र बैङ्कले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ ।रासस

# साढे दुई तलाको घर बेचेर कृषिमा लगानी

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट-११ का गुप्तप्रसाद रेग्मीले राजमार्गसँगै जोडिएको साढे दुईतले घर बेचेर कृषिमा लगानी गर्नुभएको छ । पूर्वपश्चिम राजमार्गसँगै रहेको घर बेचेर उहाँले गैंडाकोट-१८ बसेनीमा जग्गा किनेर रू दुई करोड ६५ लाख लगानी गरी टीकारत्न टुल्की कृषि फर्म सञ्चालन गर्नुभएको छ ।



विसं २०७५ मा बसेनीमा ८२ रोपनी जग्गा गरेर उहाँले कृषि कर्मलाई अगाडि बढाउनुभएको हो । “यो पूरै डाँडो सबै झाडीले घेरिएको थियो”, रेग्मीले भन्नुभयो, “यहाँ घुमेर गएपछि राजमार्गसँगै रहेको साढे दुईतले घर बिक्री गरेर यहाँ लगानी गरेँ, अहिले सन्तुष्ट छु ।” यस ठाउँको झाडी सफा गर्नमात्रै एक हजार पाँच सय श्रमिक लागेका उहाँले स्मरण गर्नुभयो ।

“लालपुर्जा भएको जग्गा भए पनि सिँचाइको अभावमा उत्पादन नभएपछि बाँझो रहेको जग्गा किनेर खेती सुरू गरेँ,” उहाँले भन्नुभयो, “मैले यहाँ उत्पादन गरेको देखेर केही व्यक्तिहरू विदेशबाट फर्किएर पनि यहीँ किसानी गरेका छन् ।” उमेरले ६६ वर्ष लाग्नुभएका रेग्मीको दैनिकी नै दिनभरि बारीमा घुम्ने र बोटबिरूवामा देखिएको समस्या समाधानका लागि काम गर्ने तथा बिरूवालाई प्रोटिन पुर्‍याउने काममा बित्ने गरेको छ । “पहिलो झाडीले घेरिएको यो डाँडामा अहिले एक हजार पाँच सय वटा सुन्तला, आठ सय वटा कागती, तीन सय वटा निबुवा, ६० वटा लप्सी, २५ वटा स्याउ, किवी, आँप, कटहर, लिची, टिम्मुर, चेरीलगायत फलफूलका बोटबिरूवाहरू छन्”, रेग्मीले भन्नुभयो, “अब धेरै फलफूलबाट आम्दानी लिन सुरू भइसकेको छ ।”

उहाँका अनुसार आँप, कागती, निबुवा, सुन्तलासहित फलफूलले आम्दानी दिन सुरू गरिसके । “यस वर्ष मात्रै ५० क्विन्टल कागती काठमाडौं पठाएँ, पाँच क्विन्टल यहीँको स्थानीय बजारमा बिक्री भयो”, उहाँले भन्नुभयो, “निबुवाबाट रस निचोरेर तीन सय लिटर चुक बनाएको छु, ५० लिटर बिक्री भइसकेको छभने सुन्तला बेचेरमात्रै रू एक लाख २० हजार आम्दानी भइसक्यो ।” रेग्मीको कृषि फार्ममा रहेका बोटमा अझै लटरम्मै पाकेका सुन्तला छन् ।

“सुन्तला जोनले चाँडो नटिप्नु, गुणस्तर बिग्रिन्छ भनेको भएर यी सुन्तला टिपेको छैन” उहाँले भन्नुभयो, “यी पाकेका सुन्तला पुस लागेपछि टिप्न सुरू गर्ने तयारी छ ।” एउटै सुन्तलाको बोटबाट एक क्विन्टलसम्म सुन्तला टिपेको उहाँले बताउनुभयो । “सुन्तला राम्रो फलेको भएर प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट सुन्तलाको बोटमा क्रप कटिङ गर्न चिह्न लगाएर जानुभएको छ”, रेग्मीले भन्नुभयो, “सबैभन्दा बढी फलेको रूख र कम फलेको रूखमा चिह्न लगाइएको छ, केही दिनपछि कृषि प्राविधिकहरू आएर बगैँचा व्यवस्थापनको तालिम दिने जानकारी गराउनुभएको छ ।” रेग्मीको फर्ममा फलेका सुन्तला बोटबाटै बिक्री हुने गरेको भन्दै बजार खोज्नुपर्ने अवस्था नरहेको बताउनुभयो ।

सुरूआती अवस्थामा यहाँ अमिला जातका फलफूल लगाउन सुन्तला जोनबाट सिँचाइमा ५० प्रतिशत अनुदान, बिरूवामा ५० प्रतिशत अनुदान, थोपा सिँचाइमा अनुदान, औजारमा समेत अनुदान पाएको रेग्मीको भनाइ छ । “पहिला पाँच सय मिटर तल रहेको खोलामा जेनेरेटरबाट विद्युत् निकालेर बोरिङबाट पानी तानेर सिँचाइ गर्दासमेत अनुदान आएको थियो”, रेग्मीले भन्नुभयो, “एक महिना अगाडि राष्ट्रिय प्रसारण लाइनको विद्युत् आइपुगेपछि अहिले सिँचाइलाई सहज भएको छ ।”

फलफूलका बिरूवाहरूमा गोडमेलसहित खर्चमात्रै वार्षिक रू १० लाख हुने गरेको भन्दै उहाँले यस वर्षबाट खर्चभन्दा आम्दानी बढी हुन लागेको बताउनुभयो । “गत वर्षसम्म लगानी गरेको पैसा पनि उठेको थिएन, बर्सेनि ४० ट्र्याक्टर त मल गाईभैंसीको मल नै हाल्नुपर्छ,” रेग्मीले भन्नुभयो, “यस वर्षबाट भने सबै खर्च कटाएर रू तीन लाख बढी बचत हुने अनुमान गरेको छु ।” रेग्मीले कृषिफर्मसँगै यहाँ आउने पर्यटकहरूका लागि खाने र बस्ने सुविधासमेत उपलब्ध गराउँदै आउनुभएको छ ।

उहाँले १० जनासम्मलाई खान र बस्न मिल्नेगरी घरबाससमेत सञ्चालन गरेको बताउनुभयो । “यहीँ उत्पादन भएका खाना तथा स्थानीय जातको कुखुराको मासु खाएर पर्यटकहरू बस्ने व्यवस्था गरेको छु” उहाँले भन्नुभयो, “पछिल्लो समय विभिन्न क्षेत्रबाट यहाँ आएर बस्ने गर्नुभएको छ ।” रेग्मीसँगै अन्य तीनजनाले यहाँ सुन्तला खेती सुरू गरेकामा अहिले गाउँमा धेरैले उहाँको सिको गरेका रेग्मीको भनाइ छ । रासस

# प्रथम राष्ट्रिय बाँस सम्मेलनमा राष्ट्रपतिलाई बाँसको कुर्सी उपहार

खोटाङ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले नेपालका उच्च पदस्थ व्यक्तिहरूलाई बाँसको कुर्सी उपहार दिने तयारी गरेको छ । नगरपालिकासहित विभिन्न निकायको सहकार्यमा आगामी फागुन १५ देखि १७ गतेसम्म दिक्तेल बजारमा आयोजना गर्न लागिएको ‘प्रथम राष्ट्रिय बाँस सम्मेलन-२०८१’को अवसर पारेर राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, राष्ट्रियसभा अध्यक्ष र प्रतिनिधिसभाका सभामुखलाई एक-एक थान बाँसको कुर्सी उपहार दिने तयारी गरिएको हो ।



बाँसको उपयोगितालाई व्यवहारमा कार्यान्वयन गर्न र सरकारलाई स्थानीय सामग्री प्रयोग गर्ने नीति व्यवहारमा कार्यान्वयन गर्न/गराउन खबरदारी गर्ने उद्देश्यले उच्च पदस्थ व्यक्तिलाई बाँसको कुर्सी उपहार दिने निर्णय गरिएको नगरप्रमुख तीर्थराज भट्टराईले बताउनुभयो । “उच्च पदस्थ व्यक्तिहरूलाई बाँसको कुर्सी उपहार दिने भनेर कार्यपालिका बैठकले निर्णय गरिसकेका छौं । निर्णयको प्रतिलिपिसहितको जानकारीपत्र राष्ट्रपतिसहित सबै उच्च पदस्थ व्यक्तिलाई पठाइसक्यौं । उपहार दिने कुर्सी यही मङ्सिर २८ गतेदेखि वडा नं ६ नेर्पामा बनाउन सुरु गरिनेछ”, उहाँले भन्नुभयो, “उच्च पदस्थ व्यक्तिलाई उपहार दिने भनेपछि कुर्सी बनाउने क्रममा सुरक्षा संवेदनशीलता तथा कुनै कानूनी समस्या आउन सक्छ । त्यसका लागि सुरक्षा संयन्त्र परिचालन गरी सहजीकरण गर्ने वातावरण मिलाई दिन सम्बन्धित निकायमा अनुरोधसमेत गरेका छौं ।”

प्रत्येक वडाबाट बाँससँग काम गर्ने १५ जना विज्ञ व्यक्तिहरू वडाले छनोट गर्ने र नगरबाट प्रोत्साहित गरेर छनोट भएका व्यक्तिहरूले सम्मेलनमा प्रदर्शनी गर्न र उच्च पदस्थ व्यक्तिहरूलाई उपहार दिने बाँसको कुर्सी बनाउने जनाइएको छ । ‘जहाँ बाँस त्यहाँ जीवन, जहाँ जीवन त्यहाँ बाँस’ भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको ‘प्रथम राष्ट्रिय बाँस सम्मेलन-२०८१’मा उपयोगविहीन बाँसको संरक्षण, व्यवस्थापन, दिगो उपयोग र उद्यमशीलता विकास गरी पर्यावरण संरक्षण, स्थानीय रोजगारी तथा राष्ट्रिय अर्थतन्त्रमा वृद्धि गर्दै समृद्ध नगरपालिका र राष्ट्र बनाउने उद्देश्य राखिएको नगर उपप्रमुख विशन राईले जानकारी दिनुभयो ।

राष्ट्रिय बाँस सम्मेलनका लागि नगरपालिकाका वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन समितिका संयोजक एवम् वडा नं १० पाथेकाका वडाध्यक्ष मुगाधन राईको संयोजकत्वमा स्थानीय समितिसमेत गठन गरिएको छ । गत कात्तिक पहिलो साता नै आयोजना गर्ने भनिएको प्रथम राष्ट्रिय बाँस सम्मेलन सोही अवधिमा देशभर आएको भीषण वर्षा तथा बाढीपहिरोका कारण रोकिएकाले आगामी फागुन दोस्रो सात सम्पन्न गर्ने तयारी गरिएको नगरपालिकाले जनाएको छ ।

जिल्लाको सबैभन्दा ठूलो स्थानीय तह (पन्ध्रवटा वडा भएको) दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले यसअघिबाटै बाँसबाट बन्ने विभिन्न प्रकारका घरेलु सामग्रीको प्रवर्द्धन गर्दै आएको छ । जिल्लाको प्रमुख व्यापारिक केन्द्रमा पर्ने नगरपालिकाले बाँसबाट बन्ने विभिन्न प्रकारका घरेलु सामग्री तथा उद्योगलाई प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रम ल्याएपछि बाँसका सामग्री उत्पादन गर्ने उद्योगहरूसमेत वृद्धि हुँदै गएको छ ।

बाँस उद्योग सञ्चालनका लागि नगरपालिकाले स्थानीय बासिन्दा एवम् उद्यमीलाई तालिम तथा सामग्री उपलब्ध गराउँदै आएको छ । नगरपालिकाका स्थानीय बासिन्दा एवम् उद्यमीले उत्पादन गरेका बाँसका विभिन्न प्रकारका घरेलु सामग्री दिक्तेलस्थित शपिङ कम्प्लेक्समा सञ्चालित कोसेलीघरले खरिद गरेर बिक्री गर्दै आएको छ ।

नगर प्रमुख भट्टराई र उपप्रमुख राईले आफ्नो कार्यकक्षमा स्थानीयस्तरमा उत्पादन गरिएका बाँसकै फर्निचर प्रयोग गर्नुभएको छ । अघिल्लो नगर सरकारका प्रमुख दीपनारायण रिजाल र उपप्रमुख वीणादेवी राईले प्रयोग गर्नुभएको आयातीत फर्निचर हटाएर नगरप्रमुख भट्टराई र उपप्रमुख राईले स्थानीय बासिन्दा एवम् उद्यमीले स्थानीयस्तरमै उत्पादन गरेका बाँसका फर्निचर खरिद गरेर प्रयोग गर्नुभएको हो ।

नगरभित्र अत्यधिक मात्रामा मलीबाँस, ढुङ्गे र भालु बाँससहित चोया बाँस, वन बाँस, करौती बाँस, मालिङ्गो बाँस, सिगानो बाँस, निगालो बाँस, मुक्तियालीलगायत १३ किसिमका बाँस पाइन्छन् । पूर्वी पहाडी जिल्ला खोटाङमा पशुपालनका लागि घाँस, घरेलु सामग्री निर्माण तथा सांस्कृतिक काममा समेत बाँस उपयोग गरिँदै आइएको छ ।

बाँसको क्षेत्रमा काम गर्दै आउनुभएका राष्ट्रिय बाँस अनुसन्धान तथा प्रवर्द्धन केन्द्रका अध्यक्ष केपी भट्टराईको पहलमा गत जेठमा काठमाडौंमा भएको सरोकारवाला व्यक्तिहरूको भेलाले दिक्तेल बजारमा पहिलोपटक राष्ट्रिय बाँस सम्मेलन गर्ने निर्णय गरेको थियो । सम्मलेलनका लागि वन, वातावरण तथा प्रविधि मन्त्रालयका पूर्वमन्त्री गणेश साहको संयोजकत्वमा समिति गठन गरिएको छ ।रासस

# गहुँ छर्ने समयमै रासायनिक मलको अभाव

**टुडे समाचारदाता**

जनकपुरधाम । किसानहरु गहुँ छर्नमा व्यस्त रहेको बेला मलखाद्यको अभावमा चिन्तित छन् ।

किसानहरु अहिले मुख्य समयमै रासायनिक मलको अभावले समस्यामा पारेका छन् । एकातर्फ मल नपाउँदा छटपटिएका किसानलाई व्यापारीहरुले मनपरी मूल्य लिएर ठगी गरिरहेका छन् । भने अर्को तर्फ सरकारी गोदाममा पनि रासायनिक मलको अभाव देखिएको छ ।

धनुषासहित मधेश प्रदेशका विभिन्न जिल्लामा रासायनिक मलको अभाव देखिएको भन्दै किसानहरु मलको खोजीका लागि भौँतारिरहेका छन् ।

रौतहटको माधवनारायण नगरपालिका-६ स्थित माधोपुर बजारका मलखाद व्यवसायी श्यामप्रसाद साहले डिएपी मल प्रति बोरा ३ हजार ६ सय का दरले बिक्री भइरहेको बताए । खुद्रा दरमा प्रति किलो ७५ रुपैयँमा बेच्दा प्रति बोरा मूल्य ३ हजार ७ सय ५० रहेको छ ।

किसानहरुका लागि गहुँ, तोरी, तरकारीलगायत हिउँदे बालीमा छर्न अत्यावश्यक मलको चरम अभाव छ । सामान्य अवस्थामा प्रति बोरा हजार पर्ने युरिया मल अहिले १६ सयमा बेचिरहेका छन् । धनुषा, महोत्तरी, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा र पर्साका बजारहरुमा युरिया र डिएपी दुवैको अभाव छ ।

व्यापारीहरुले बोरा नभएको भन्दै खुद्रा मात्रामा अत्यधिक नाफा लिने गरेका छन् । माधोपुरका किसान किसुन राय यादवले डिएपी मल प्रति बोर ३ हजार ४ सय देखि ३ हजार ५० सय सम्ममा व्यापारीले बिक्री गरिरहेको गुनासो गरेका छन् ।

किसानहरुले कालोबजारीमा संलग्न व्यापारीलाई कडा कारबाही गर्न माग पनि गरेका छन् । उनले भने, 'मुख्य खेतीको समयमा मलको कृत्रिम अभाव सिर्जना गरी व्यापारीहरुले लुट मच्चाइरहेका छन् ।' उनीहरुले सरकारले मल सहज रुपमा उपलब्ध गराउन ध्यान दिनुपर्ने माग समेत गरेका छन् ।

स्थानीय तहले आफन्त र चिनजानका मानिसलाई मल उपलब्ध गराउन सिफारिश गर्ने गरेको र व्यापारीहरुले किसानलाई चरम शोषण गरेको आरोप उनीहरुले लगाएका छन् ।

रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले रासायनिक मल तथा दैनिक उपभोग्य वस्तुमा कालोबजारी गरिएको पाइएको खण्डमा कडा कारबाही गर्ने चेतावनी दिए । उनले भने, 'तोकिएको भन्दा बढी मूल्यमा मल बिक्री गरेको पाइएमा तुरुन्त प्रहरीलाई खबर गर्नुस् ।'

किसानहरुविरुद्ध भएको ठगी र शोषणका विरुद्ध कुनै पनि कारबाही नभएको देख्दा आश्चर्य लागेको बताउँछन् ।

# सीतापुष्प वाटिका अधुरै

**जनकपुरधामलाई वैवाहिक गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले जनकपुरधाम उपमहानगरपालिका- १३ रानी बजारस्थित सुरु गरिएको सीतापुष्प वाटिका योजनाको काम तीन वर्षमा सम्पन्न गर्नुपर्नेमा साढे ६ वर्ष वितिसक्दा पनि अधुरै छ । निर्माण कम्पनीको ढिलासुस्तीका कारण समयमा काम सम्पन्न भएको छैन ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । सीताराम विवाहपञ्चमीसंग नासो रहेको ऐतिहासिक र धार्मिक महत्व बोकेको मणिमण्डपलाई वैवाहिक गन्तव्यका रूपमा विकास गर्नका लागि सीतापुष्प वाटिका मणिमण्डपको निर्माण योजनाको अलपत्र नै परेको छ ।

जनकपुरधामलाई वैवाहिक गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले जनकपुरधाम उपमहानगरपालिका- १३ रानी बजारस्थित सुरु गरिएको सीतापुष्प वाटिका योजनाको काम तीन वर्षमा सम्पन्न गर्नुपर्नेमा साढे ६ वर्ष वितिसक्दा पनि अधुरै छ । निर्माण कम्पनीको ढिलासुस्तीका कारण समयमा काम सम्पन्न भएको छैन ।

साताव्यापी सीताराम विवाहपञ्चमी महोत्सवमा पनि सक्कली मणिमण्डपलाई सरोकारवालले उपेक्षा गर्दै आएको छ ।

संघ सरकारले २०७५ सालमा जनकपुरधामको ऐतिहासिक महत्वलाई उजागर गर्न सीताराम विवाह मण्मिमण्डपलाई वैवाहिक गन्तव्यका रूपमा विकास गर्न सीतापुष्प वाटिका निर्माण थालनी गरेको थियो । प्राचीण रामायणकालीन मिथिला सभ्यता र प्रकृतिको सामञ्जस्य झल्काउने प्रतिवद्धता जनाए पनि अहिलेसम्म निर्माण कार्य सुस्तरुपमै भइरहेको छ ।



२०७५ सालमा काठमाण्डुको रबिना कन्स्ट्रक्सन कम्पनी लिमिटेडले वाटिकाअन्तर्गतका भौतिक निर्माणको ठेक्का पाएको थियो । सम्झौता अनुसार २०७८ साल जेठ २४ गतेसम्म तीन वर्षमा निर्माण सम्पन्न गरिसक्नुपर्ने थियो । तर पहिलो सम्झौता मिति सकिए तीन वर्षभन्दा बढी हुँदा पनि निर्माण कार्य अझैसम्म पनि हुन सकेको छैन । निर्माण कार्य भइरहेको भन्दै कम्पनीले विभिन्न कारण देखाउँदै पटक पटक म्याद थप गर्दै आएको छ ।

संघीय सरकारको सहरी विकास तथा भवन निर्माण कार्यालय जनकपुरधामअन्तर्गत २०७५ सालमा भ्याटबाहेक १८ करोड १५ लाख २२ हजार ७९३ रुपैयाँको लागतमा निर्माण कार्य भइरहेको छ । तर कम्पनीको लापरबाही र ढिलासुस्तीका कारण वैवाहिक गन्तव्यका रूपमा विकास गर्न ल्याइएको योजना सम्पन्न हुन नसकेको संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय जनकपुरधामका कार्यालय प्रमुख विनोदकुमार यादवले जानकारी दिए । उनले कम्पनीलाई पटक-पटक ताकेता गरेपनि कम्पनीले कुनै प्रतिक्रिया नदिएको बताए ।

उनले निर्माण कम्पनीलाई वैशाखदेखि मंसिरसम्म कयौँ पटक लिखित रूपमै ताकेता गरेको बताए । उनले भने, ' कम्पनीलाई पटक-पटक ताकेता गरेपनि कुनै प्रतिक्रिया छैन, टेन्डर लिने अनि पेटी ठेकेदारलाई काम दिने हुँदा समयमा काम सम्पन्न हुन सकेको छैन ।' कम्पनीले निर्माणका लागि म्याद थपेको समय मंसिर २२ मा समाप्त हुने र त्यसपछि जरिवाना लाग्नेछ भने अहिलेसम्म वाटिकाको निर्माणको काम भौतिकतर्फ ८० प्रतिशत र वित्तीयतर्फ सम्झौता रकमको ७६ प्रतिशत प्रगति भएको प्रमुख यादवले बताए ।

स्थानीयहरुले प्राचिनकालीन रामसीता विवाह स्थल मणिमण्डप ओझेलमा परेको बताउँछन् ।

स्थानीयवासी कृष्ण साहले भने, 'हेर्नुस् विवाह पञ्चमी महोत्सवमा जानकी मन्दिर भरिभराउन छ तर, यहाँ आक्कल झुक्कल पर्यटक मात्र आएका छन्, प्राचीनकालमा विवाह भएको स्थल मणिमण्डप हो ।'

त्रेता युगमा राम र सीताको विवाह भएको स्थान मणिमण्डपको अवस्था अझैसम्म पनि सुधार नहुँदा पर्यटकहरूको आगमनमा वृद्धि हुन सकेको छैन । सो योजनाले मणिमण्डपलाई वैवाहिक गन्तव्यको रूपमा विकास हुँदा पर्यटकीय गन्तव्य बनाउन ठुलो टेवा पुग्ने छ । तर योजना समयमा सम्पन्न नहुँदा निराशा छाएको मणिमडपका पुजारी नवल दासको भनाइ छ । उनले प्राक्कालीन धार्मिक स्थल ओझेलमा परेको बताउँदै कुनै सरकारको नजरमा मणिमण्डप नपरेको गुनासो गरे ।

विवाह स्थल मणिमण्डपलाई विकास गर्न नसकिएको प्रति मन्दिरका पुजारी नबल दासले भने, 'बेला बखत भारतीय पर्यटकहरू आगमन हुन्छ, नत्र भने अन्य पर्यटकहरूको आगमन यहाँ हुन सकेको छैन । कतिपयलाई यस स्थानको बारेमा जानकारी नै छैन । जानकी मन्दिरको छेउमा बनाइएको विवाह मण्डपको छायामा रामसीताको वास्तविक विवाह भएको स्थान मणिमण्डप ओझेलमा परेका छ । लामो समयको अन्तरालमा मणिमण्डपमा निर्माण हुन थालेको जनक दरबार र धर्मशाला निर्माणमा भएको ढिलासुस्तीप्रति सम्बन्धित निकायको ध्यानाकर्षण हुन जरुरी छ ।' उनले यो ऐतिहासिक विवाह स्थल भएको बताए ।

कम्पनीका तर्फबाट साइट इन्जिनियर सुनिलकुमार सिंहले योजनाअन्तर्गत स्यानीटरी, विद्युतीय जडान, झ्यालमा सिसा राख्ने र रंगरोगनको काम मात्र बाँकी रहेको बताए । उनले कोरोनाका कारण समयमा सामान उपलब्ध नहुँदा काम समयमा सम्पन्न हुन नसेको जानकारी दिए ।

दुई विघा क्षेत्रफलमा फैलिएको सीतापुष्पा वाटिका मणिमण्डप योजनाअन्तर्गत मणिमण्डप परिसरभित्र दुईतल्ले जनक दरबारको प्रति मूर्तिसहित दुई तल्ले भवन, धर्मशाला, स्वयंवर मण्डप, दुई वटा प्याभिलियन, मन्दिर र पसलका लागि आठ सटरलगायत भौतिक संरचनाहरू रहेका छन् ।

सरोकारवालले शुरुदेखि नै गर्दै आएको उपेक्षाको कारण सो क्षेत्र अतिक्रमण समेत भइरहेको स्थानीयहरुको भनाइ छ ।

# मधेश र कोशीमा गण्डकी प्रदेशका पर्यटन प्रर्वद्धन

**टुडे समाचारदाता**

जनकपुरधाम । आन्तरिक पर्यटकको आगमन बढाउने उद्देश्यका साथ नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस (नाट्टा) गण्डकीले अन्तरप्रदेश पर्यटन प्रर्वद्धन अभियान थालेको छ । मधेश र कोशी प्रदेशका विभिन्न सहरमा पर्यटन प्रर्वद्धन गर्ने नाट्टाको योजना छ । एकसाता अवधिको यो प्रर्वद्धन अभियानले पूर्वि क्षेत्रबाट आन्तरिक पाहुना पोखरा भित्र्याउन सघाउ पुग्ने नाट्टाको विश्वास छ ।

नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दाहालले आन्तरिक पर्यटन प्रर्वद्धन गर्नका लागि अभियान थालेको जानकारी दिए । उनले अहिलेका लागि मधेश प्रदेश र कोशी प्रदेशका विभिन्न सहरमा प्रर्वद्धनात्मक अभियान संचालन गर्ने बताए । यसका लागि व्यावसायीको टोली शनिबार पूर्वी क्षेत्रको यात्रा थालिएको उनले बताए ।



उनले भने, 'पूर्वी भेगबाट आन्तरिक पाहुना पोखरा भित्र्याउने उद्देश्य यो अभियनाले बोकेको छ ।' उनले थप्दैँ भने, 'आन्तरिक पाहुनालाई पोखरा घुम्न आउनु भन्दै निम्तो पनि यो अभियान मार्फत दिइनेछ ।'

प्रर्वद्धनात्मक अभियान संचालनको क्रममा मधेश प्रदेशको जनकपुरधाम र कोशीको इलाम र बिराटनगरमा पर्यटन व्यावसायी र सरोकारवालासंग भेटघाट, छलफल र अन्तर्क्रिया गरिने पनि उनले बताए । उनले विभिन्न सहरमा हुने भेटघाट र छफलमा सीमावर्ती भारतीय सहरका पर्यटन व्यावसायी पनि सहभागि हुनेछन् । स्थानीय र भारतीय व्यावसायीमार्फत त्यस क्षेत्रमा प्रर्वद्धन हुने भएकोले यो अभियानमार्फत भारतीय पर्यटकलाई पनि पोखरा ल्याउन सहज हुने उनले बताए । 'पूर्वी भेगबाट पर्याप्त आन्तरिक पर्यटक पोखरा आउँछन् । त्यसबाहेक मुक्तिनाथ दर्शन गर्न आउने आन्तरिक पनि पर्याप्त हुन्छन्,' 'यो अभियानले भविश्यमा थप आन्तरिक पाहुना पोखरा भित्रिनेछन्,' उनले भने ।

सो अभियानमार्फत भारतीय पाहुनाको आगमन बढाउन सकिने पनि उनले बताए । उनले केही महिना अघि नेपालमा भएको भारतीय बस दुर्घटनापछि भारतीय पाहुना आगमन खस्केको हुनाले यो अभियानमार्फत भारतीय पाहुनाको आकार बढाउन सकिने पनि उनले बताए ।

उनले भने, 'भारतीय बस दुर्घटनापछि नेपालमा भारतीय पाहुनाको आगमन निरन्तर ओरालो लागेको छ । यो अभियानमार्फत भविश्यमा थप भारतीय पाहुना ल्याउने अपेक्षा छ,' उनले भने, ' व्यावसायीले अहिले गर्न थालेको बजारीकरण हो । यसले पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा छ।' उनले बताएअनुसार नेपालमा भारतीय बस दुर्घटना भएपछिका हरेक महिनाको भारतीय पाहुनाको आगमन कम हुँदै गएको छ ।

नाट्टा गण्डकीका महासचिव चेतन कार्कीले आन्तरिक पर्यटकलाई आकर्षण पार्न सकेकोमा पोखरा क्षेत्रको पर्यटन प्रर्वद्धन हुने भएकोले अभियान संचालन गरेको बताए ।

नाट्टाले सन् २००४ देखि फाम टुर र २००८ देखि प्रमोशनल टुर आयोजना गर्दै आएको छ । पर्यटन क्षेत्रको अनुमानमा पोखराको पर्यटनमा कम्तीमा ४० प्रतिशत हिस्सा आन्तरिक पर्यटकको छ ।

# अधिकांश गाडीमा जोखिमपूर्ण यात्रा




**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्य राजमार्गमा सञ्चालित चारपांग्रे सवारीसाधानहरु यात्राका लागि जोखिमपूर्ण बन्दै गएको छ। थोत्रा गाडीमा यात्रा गर्नु जोखिमपूर्ण रहे पनि यस्ता सवारी प्राविधिक गडबडीका कारण जुनसुकै बेला दुर्घटनामा पर्ने हुँदा यात्रीसमेत शिकार बनेको घटनाक्रमले देखिएको प्रहरीको भनाइ छ ।

जिल्ला ट्राफिक कार्यालय बर्दिबासले जनाए अनुसार आर्थिक वर्ष ०८०/८१ मा महोत्तरीमा ५०४ वटा सवारी दुर्घटना हुँदा ६८ जनाको मृत्यु भएको थियो । गम्भीर र सामान्य गरी ७६२ जना घाइते भएका थिए । दुर्घटनाका अनेकन कारणमध्ये प्राविधिक गडबडी पनि प्रमुख कारणका रूपमा देखिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका निरीक्षक लक्ष्मीप्रसाद जोशीले जानकारी दिए ।

बढ्दो दुर्घटना न्यूनीकरणका उद्देश्यले यातायात व्यवस्था कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले बर्दिबासस्थित पूर्वपश्चिम राजमार्ग भएर चल्ने यात्रुवाहक सवारीको संयुक्त रूपमा गरिएको प्राविधिक परीक्षणको परिणामले पनि यसको पुष्टि गरेको छ । यातायात प्राविधिकका अनुसार यान्त्रिक जाँच गरिएकामध्ये ८० प्रतिशत सवारी 'अनफिट' देखिएका छन् । परीक्षण गरिएका कतिपय गाडीका हर्न नबज्ने र साइड बत्तीसमेत नबल्ने, तीव्रगतिमा गुडाउने गरेको पाइएको छ ।

थोत्रा भएका यस्ता सवारी जुनसुकै ठाउँमा बिग्रने र दुर्घटना हुने अवस्थामा रहेको प्राविधिकको भनाइ छ। जिल्ला ट्राफिक निरीक्षक जोशीका अनुसार दुवै कार्यालयले शुक्रबार अपराह्नसम्म ७६ वटा यात्रुवाहक सवारीको यान्त्रिक परीक्षण गरेका थिए ।

परीक्षण गर्ने क्रममा अधिकांश सवारीका रिसोलिङ टायर, इन्डिकेटर, ग्लास, साइड लाइट, यात्रु बस्ने सिट, वाइपर र नटबोल्टसमेत दुरुस्त अवस्थामा नपाइएको बर्दीबासस्थित यातायात व्यवस्था कार्यालयका प्राविधिक इन्द्रनारायण पण्डितले बताए ।

प्राविधिक त्रुटि पाइएकामध्ये अधिकांश जर्जर अवस्थामा पुगेका ५८ प्रतिशत अर्थात् ४४ थान यात्रु बसलाई मर्मतपछि मात्र सञ्चालनमा ल्याउन सुझाव दिइएको छ। जर्जर अवस्थामा पनि खचाखच यात्रु बोकेर हिँड्ने यस्ता सवारी जुनसुकै ठाउँमा बिग्रेर अलपत्र पर्न सक्ने, सडक जामका कारण बन्न सक्ने र दुर्घटना हुन सक्ने देखिएकाले चालकलाई मर्मतपछि मात्र सञ्चालनमा ल्याउन सुझाव दिइएको बर्दीबास ट्राफिक निरीक्षक जोशीले बताए ।

# भगवानको विवाह देख्न पाउँदा मन गद्गद्

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालका लागि इजरायली राजदूत स्मुलिक आरी बासले सीताराम विवाह पञ्चमी महोत्सवमा सहभागीले जीवनयात्रामा निकै अनौठो र रमाइलो अनुभव गरेको सुनाएका छन् ।

जनकपुरधाममा शनिबार आयोजित पत्रकार सम्मेलनमा राजदूत बासले आफूले कहिल्यै कल्पना समेत नगरेको भगवानको विवाहमा सहभागी हुने अवसर पाउँदा निकै खुसी लागेको बताए ।



राजदूत बासले इजरायल र प्यालेस्टाइनबीचको द्वन्द्वका कारण आफ्नो देश अहिले निकै कठिनाइबाट गुज्रिरहेको जनाउँदै तत्काल चाहेर पनि आवश्यक सहयोग गर्न असमर्थ रहे पन भविष्यमा मधेश प्रदेशका लागि इजरायल सरकारद्वारा विशेष खालका कार्यक्रमहरू ल्याउन आफूले पहल गर्ने प्रतिवद्धता व्यक्त गरे । उनले आफ्नो भ्रमणको क्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहसंग पनि भेटघाट गरेको बताए ।

जानकी मन्दिरको तर्फबाट जनकपुरधाम उपमहानगरपालिकाका पूर्वमेयर बजरंग साहद्वारा विवाहपञ्चमी महोत्सवमा सहभागी हुन आमन्त्रण पाएपछि आफू जनकपुरधाम आएको समेत खुलाए ।

उनले आफ्नो मुलुकमा युद्धको कारण थुप्रै जनधनको क्षति भएकोले तत्कालै चाहेर पर्नि न सहयोगको वातावरण नरहेको स्पष्ट पारे ।

# एम्बुलेन्समा लागूऔषधको तस्करी




**टुडे समाचारदाता**

जनकपुरधाम । एम्बुलेन्समा लागूऔषध तस्करी गरिरहेको भन्दै प्रहरीले बीपी राजमार्गमा पर्ने काभ्रेको रोशीबाट एम्बुलेन्स चालकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धनुषा जिल्लाको धनुषाधाम नगरपालिका- ६ स्थित हरिपुरका ४४ वर्षीय सुरेश मिझार छन् ।

मंसिर २० गते महोत्तरीको बर्दिबासबाट बिरामी लिएर काठमाण्डु आउँदै गरेको अवस्थामा ज १ च १९०८ नम्बरको एम्बुलेन्ससहित त्यसका चालक मिझारलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले बताए ।

उनलाई रोशी गाउँपालिका ९ स्थित सडकबाट प्रहरी निरीक्षक कृष्ण गिरीको कमाण्डमा खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ ।

महोत्तरीद्वारा सञ्चालित सो एम्बुलेन्सलाई जाँच गर्ने क्रममा चालकको सिट पछाडि राखिएको जेब्रा झोलाबाट विभिन्न प्रकारका तीन हजार एम्पुल लागूऔषध बरामद गरिएको प्रहरी उपरीक्षक घलेले बताए ।

उनलाई शुक्रबार काभ्रे जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरेर अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८